नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक २१२ ● २०८३ साल असार ०६ गते शनिबार ● Saturday 20, June 2026 ● सूर्योदयः बिहान ०५:१२ बजे ● सूर्यास्तः साँझ ०७:०२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## आजदेखि रास्वपाको प्रथम महाधिवेशन

चितवनः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम महाधिवेशन आजदेखि चितवनमा सुरु हुँदैछ । सभापति रवि लामिछानेको राजनीतिक यात्रा सुरु भएको र तीनपटक भारी मतका साथ निर्वाचित भएको भूगोलमै महाविशेन हुन लागेको हो । २०७९ असार ७ गते रास्वपा स्थापना भएको हो । तीन दिने महाधिवेशनमा देशभरबाट तीन हजार प्रतिनिधि सहभागी हुँदैछन् । महाधिवेशनले नयाँ नेतृत्व चयन गर्दैछ । आज बिहान बस्ने केन्द्रीय समिति बैठकले सभापति लामिछानेलाई थप शक्तिशाली बनाउने भएको छ । रास्वपामा सभापति र १ सय सदस्य पदमा निर्वाचन हुँदैछ । सभापति लामिछानेले अन्य राजनीतिक दलबाट आएकालाई व्यवस्थापन गर्न विधानमै व्यवस्था हुन लागेको छ । वरिष्ठ नेता, प्रवक्ता, सहप्रवक्ता, कोषाध्यक्ष र सहकोषाध्यक्ष र ५० केन्द्रीय सदस्य सभापतिले मनोनीत गर्ने व्यवस्था हुँदैछ । एक–एक उपसभापति र महामन्त्री पनि मनोनीत गर्न सकिनेबारे प्रधानमन्त्री तथा वरिष्ठ नेता बालेन्द्र शाहसँग सभापति लामिछानेले सल्लाह गर्दैछन् ।

### एक करोड बढी अवैध सम्पत्ति आर्जन गरेको ठहर,

# पर्साका तत्कालीन यातायात अधिकृत गौतम भ्रष्टाचारमा दोषी

**मधेशदृष्टि**
**वीरगंज।**
यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र पर्साका तत्कालीन अधिकृत कमलराज गौतम गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगमा दोषी ठहर भएका छन्।

विशेष अदालतले शुक्रबार फैसला सुनाउँदै उनलाई एक वर्ष कैद, एक करोड आठ लाख रुपैयाँभन्दा बढी जरिवाना तथा सोही बराबरको सम्पत्ति जफत गर्ने आदेश दिएको छ।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले गौतमविरुद्धको भ्रष्टाचार मुद्दामा कसुर कायम गर्दै सजाय निर्धारण गरेको हो । अदालतले उनलाई पीडित राहत कोषमा ४ लाख ३२ हजार रुपैयाँभन्दा बढी क्षतिपूर्ति शुल्कसमेत बुझाउनुपर्ने फैसला गरेको छ ।




अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८२ असार ३ गते गौतम र उनकी पत्नी सरला नेपाललाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो । पत्नीको नाममा रहेको सम्पत्ति जफत प्रयोजनका लागि उनलाई पनि प्रतिवादी बनाइएको थियो।

अख्तियारले पेश गरेको विवरणअनुसार गौतमको वैध आय करिब २ करोड ९० लाख रुपैयाँ रहेको देखिएपनि उनको खर्च तथा सम्पत्ति ५ करोड ४० लाख रुपैयाँभन्दा बढी भेटिएको थियो।

आयोगले साढे दुई करोड रुपैयाँभन्दा बढी रकमको स्रोत नखुलेको दाबी गरेपनि अदालतले अन्तिम रूपमा एक करोड रुपैयाँ बराबरको सम्पत्ति अवैध रूपमा आर्जन भएको निष्कर्ष निकालेको छ।

२०५५ साल वैशाखदेखि सार्वजनिक पदमा रहेका गौतमको २०७९ चैतसम्मको आय–व्यय विश्लेषण गर्दा पारिश्रमिक, भत्ता, सञ्चय कोष, बैंक मौज्दात, घरजग्गा बिक्री, कृषि तथा घरभाडाबाट प्राप्त आम्दानीलाई वैध स्रोतका रूपमा स्वीकार गरिएको थियो । तर त्यसबाहेकको सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेपछि अदालतले भ्रष्टाचारबाट आर्जित सम्पत्ति ठहर गरेको हो।

छलफलका क्रममा गौतमले रुपन्देहीमा घरजग्गा खरिद गर्दा पुरानो घरको कवाडी बिक्रीबाट प्राप्त रकमलाई पनि आयमा समावेश गर्नुपर्ने जिकिर गरेका थिए। तर जग्गा खरिदकै स्रोत पुष्टि हुन नसकेको अवस्थामा कवाडी बिक्रीको रकमलाई वैध आय मान्न नसकिने अदालतको ठहर छ।

त्यसैगरी चाडपर्व, टीकाटालो तथा सामाजिक परम्पराबाट प्राप्त रकमलाई पनि आयमा गणना गर्नुपर्ने माग गरिएको थियो । अदालतले भने पत्नी र छोराछोरीलाई प्राप्त दानदक्षिणा तथा उपहारस्वरूप प्राप्त रकमलाई स्वाभाविक मान्दै कुल पाँच लाख रुपैयाँ मात्र आयतर्फ समावेश गरेको छ।

अध्ययन खर्चमा दोहोरो गणना भएको निष्कर्ष निकाल्दै केही व्यय रकम घटाएपनि समग्र विश्लेषणपछि एक करोड रुपैयाँको स्रोत खुल्न नसकेको अदालतले जनाएको छ । गौतमको जिम्मेवारीपूर्ण पद, भूमिका र गैरकानूनी रूपमा आर्जित सम्पत्तिको परिमाणलाई आधार मान्दै विशेष अदालतले उक्त सजाय निर्धारण गरेको हो । यसअघि उनले वार्षिक सम्पत्ति विवरणमा सम्पत्ति लुकाएको तथा झुठा विवरण पेश गरेको तथ्यसमेत अनुसन्धानका क्रममा खुलेको थियो।

# फेरि डोजर चल्ने, जनताको हारगुहार नचल्ने !

**मधेशदृष्टि**
**वीरगंज।**
त्रिभुवन राजपथ अन्तर्गत वीरगंज महानगरपालिका क्षेत्रको गण्डक चोकदेखि सिर्सिया मितेरी पुलसम्मको सडक क्षेत्र दायाँ बायाँ फेरि डोजर चल्ने भएको छ।

सडक डिभिजन कार्यालय हेटौँडाले बैशाख ६ गते यस क्षेत्रको अतिक्रमण हटाउन सुरु गरेको थियो । सडकको केन्द्रविन्दुबाट दायाँ बायाँ २५–२५ मिटर सम्म सडक सिमाना कायम गर्ने योजनाअनुसार रोकिएको काम फेरि असार ७ गते आइतबारबाट सुरु गरिने सडक डिभिजन कार्यालयले जनाएको छ।

डिभिजन प्रमुख किरण कार्कीले शुक्रबार वीरगंज महानगरपालिकालाई पत्र लेख्दै असार ७ गतेदेखि सडक अतिक्रमण हटाउने कार्यमा सहयोग गर्न अनुरोध गरेको छ । यसअघि सडक क्षेत्रभित्र पर्ने घर, टहरा वा निजी सम्पत्ति हटाउन कार्यालयले सूचना जारी गरिसकेको छ। जनताको घरटहरा जोगाउने भन्दै आन्दोलन र संघर्ष समिति अनि मुद्दामामिलाका कुरा भए पनि सरकार निरन्तर घर टहरा हटाउने अभियानमा सक्रिय भएको छ । पहिलो चरणमा वीरगंजबाट हेटौँडासम्म घर टहरा हटाएर सडकको ठेक्का लगाउने तयारी भइरहेको हो । हेटौँडाबाट नारायणगढसम्म सडक क्लियर भए पनि हेटौँडाबाट वीरगंजसम्म घरटहरा नहटेकाले सरकार कठोरसँग उत्रिएको छ।

यता, भर्खरै कार्यबाहक मेयर भएका वीरगंज महानगरका मेयर इम्तियाज आलमलाई जनताको बस्ती जोगाउन ठूलो दबाब छ भने सरकारको आग्रहको पत्रले मदत गर्नुपर्ने बाध्यता आइलागेको छ।

- **निजगढमा वनको जग्गा किन्नेहरु समस्यामा**

बाराको निजगढ नगरपालिका–२ सिंगौलस्थित वनदेवी सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका ११ वटा घरटहरा हटाउन डिभिजन वन कार्यालय बाराले जारी गरेको सातदिने सूचनाको म्याद सकिएको छ। घर टहराका धनीहरूले भने आफूहरू भूमाफियाको जालमा परेर जमीन खरिद गर्दा ठगिएको दुखेसो पोख्दै सुरक्षित बसोबासको माग गरेका छन्।

वन कार्यालयले कानुनी प्रक्रिया अनुसार अतिक्रमित संरचना हटाउने तयारी गरे पनि केही राजनीतिक दलहरूले तत्काल घर नहटाउन आग्रह गरिरहेका छन् । वर्षायाममा घरटहरा नहटाउन राजनीतिक दलहरूले पहल गर्ने आश्वासन दिँदै आएका छन् । पीडित परिवारहरूले आफूहरूले वन अतिक्रमण नगरेको र जग्गा खरिद गरेको बताइरहेका छन्।

निजी जग्गा भन्दै खरिद बिक्री गरिएको र लिखत समेत आफुहरुसंग रहेको उनीहरूको भनाइ छ । प्राप्त लिखतहरू अनुसार वनदेवी सामुदायिक वन क्षेत्रभित्रको जमीन विभिन्न व्यक्तिहरूलाई लाखौँ रुपैयाँमा बिक्री गरिएको देखिएको छ । हालसम्म उपलब्ध प्रमाणअनुसार १२ कट्ठा ४ धुर वन क्षेत्रको जमीन करिब ३७ लाख ६८ हजार रुपैयाँमा विभिन्न समयमा किनबेच भएको खुलेको छ।

# कमला नदीको अस्थायी डाइभर्सन भासिँदा सिरहा–धनुषा आवागमन प्रभावित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सिरहा र धनुषा जोड्ने कमला नदीस्थित पुल नजिक निर्माण गरिएको अस्थायी डाइभर्सन वर्षापछि भासिँदा दुई जिल्लाबीचको सवारी आवागमन प्रभावित भएको छ । सिरहाको बसबिट्टा क्षेत्रतर्फ करिब एक करोड २५ लाख रुपैयाँ लागतमा निर्माण गरिएको तारजाली र माटोयुक्त अस्थायी डाइभर्सन केही महिनाअघि मात्र सञ्चालनमा आएको थियो। तर बिहीबार राति परेको वर्षापछि संरचनाको ठूलो भाग भासिएसँगै चारपाङ्ग्रे सवारी साधनको आवागमन पूर्ण रूपमा बन्द भएको छ । स्थानीयवासीका अनुसार सामान्य वर्षापछि नै डाइभर्सनमा क्षति पुगेको हो। माटो कटान निरन्तर भइरहेकाले बाँकी संरचना पनि जोखिममा रहेको उनीहरूले बताएका छन्। हाल केही मोटरसाइकल चालक जोखिम मोलेर आवतजावत गरिरहेका छन् भने अधिकांश यात्रु डुङ्गाको सहारामा नदी पार गर्न बाध्य छन्।

जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले कमला नदीमा पानीको बहाव बढेपछि डाइभर्सनमा क्षति पुगेको जानकारी प्राप्त भएको बताए। उनका अनुसार विगत दुई सातादेखि आवागमन प्रभावित छ। उनले नागरिकलाई जोखिमपूर्ण यात्रा नगरी सुरक्षित र वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरेका छन्।

हाल सिरहा नगरपालिका–५ स्थित बसबिट्टा घाटबाट डुङ्गामार्फत यात्रु ओसारपसार भइरहेको छ । सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजित यादवका अनुसार नदी पार गर्न प्रत्येक यात्रुले १ सय ५० रुपैयाँ शुल्क तिर्नुपर्ने अवस्था छ।

उता, कमला नदीमाथि निर्माणाधीन पुलको काम लामो समयदेखि अलपत्र अवस्थामा छ । हुलाकी राजमार्गअन्तर्गत पर्ने पुल निर्माणका लागि २०६८ सालमा पप्पु–लुम्बिनी जेभीसँग ठेक्का सम्झौता गरिएको थियो। २०७१ मै सम्पन्न हुनुपर्ने आयोजना विभिन्न कारणले समयमै पूरा हुनसकेको छैन। २०७८ सालको बाढीले पुलका केही संरचनामा क्षति पु¥याएपछि निर्माण कार्य थप प्रभावित भएको थियो । हालसम्म आयोजनाको म्याद सातपटक थप भइसकेको छ भने पुनः म्याद थप्ने प्रक्रिया जारी रहेको जनाइएको छ । निर्माण कम्पनीले हालसम्म २० करोड रुपैयाँभन्दा बढी भुक्तानी प्राप्त गरिसकेको भए पनि पुल अझै सञ्चालनमा आउन सकेको छैन।

स्थानीयवासीहरूले वर्षेनी दोहोरिने सास्ती अन्त्य गर्न निर्माणाधीन पुलको काम शीघ्र सम्पन्न गर्न सम्बन्धित निकायसँग माग गरेका छन्। उनीहरूका अनुसार ढिलाइका कारण हरेक वर्ष वर्षायाममा आवागमन, व्यापार तथा दैनिक जनजीवन प्रभावित हुने गरेको छ।

# फेटाको नीति तथा कार्यक्रम पारित

**राहुल गुप्ता**
**बारा।**
फेटा गाउँपालिकामा आर्थिक वर्ष २०८३/८४ को १८औँ गाउँसभा गाउँपालिका अध्यक्ष रुस्तम अन्सारीको अध्यक्षतामा भएको छ।

गाउँसभामा अध्यक्ष अन्सारीले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गाउँपालिकाको समग्र विकासलाई केन्द्रमा राखेर योजना तथा कार्यक्रम तय गरिएको बताए । उनले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, खानेपानी, सरसफाइ तथा सामाजिक सुरक्षाका कार्यक्रमलाई प्राथमिकता दिइएको जानकारी दिए।

अध्यक्ष अन्सारीले स्थानीय आवश्यकताअनुसार विकास योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने उल्लेख गर्दै सुशासन, पारदर्शिता र जनसहभागितामार्फत गाउँपालिकालाई समृद्ध बनाउने




प्रतिबद्धता व्यक्त गरे । साथै, उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै जनताको जीवनस्तर सुधार गर्ने लक्ष्यका साथ नीति तथा कार्यक्रम ल्याइएको उनको भनाइ थियो।

गाउँसभामा जनप्रतिनिधि, कर्मचारी, विभिन्न राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी तथा सरोकारवालाको सहभागिता थियो । कार्यक्रममा प्रस्तुत नीति तथा कार्यक्रममाथि छलफल गरिएको थियो।

गाउँसभाले आगामी आर्थिक वर्षका लागि प्रस्तुत नीति तथा कार्यक्रमलाई विकास र समृद्धिको आधारका रूपमा कार्यान्वयन गर्ने विश्वास व्यक्त गरेको छ।


# १०–११ वर्षका बालक भाग्दा पनि थाहा पाउँदैन प्रहरी

**मधेशदृष्टि**
**वीरगंज।**
सुन्दा पनि अचम्म लाग्ने, बाल सुधार गृहमा राखिएका बालक, त्यो पनि १०–११ वर्षका, उनीहरुले शौचालयको भेन्टिलेसन फुटाएर भाग्दा पनि थाहा नपाउनेलाई किन सुधार गृहमा सुरक्षाको जिम्मा दिइएको छ ? शुक्रबार वीरगंजको बाल सुधार गृहका बालक भागेको घटनापछि यो प्रश्न उब्जिएको छ । बाल गृह सुरक्षामा खटिएका प्रहरी र अन्य प्रशासनका कर्मचारी माथि नै निगरानी राख्नु पर्ने देखिएको छ।

शुक्रबार वीरगंज महानगरपालिका–४ स्थित बाल सुधार गृहबाट फरार भएका दुई जना बालकलाई प्रहरीले करिब डेढ घण्टाभित्रै सीमा क्षेत्रबाट पक्राउ गरेर सफलता पाएको भन्दै प्रचार गरिए पनि कमजोरी भने लुकाइएको छ । डाँका तथा चोरी मुद्दामा सजाय भुक्तानका लागि बाल सुधार गृहमा राखिएका दुवै बालक शुक्रबार दिउँसो शौचालयको भेन्टिलेसन फुटाएर फरार भएका थिए।

फरार हुनेमा सर्लाही, मलङ्गवा नगरपालिका–३ का १० वर्षीय नौसाद साह र ११ वर्षीय नजिर साह छन् । उनीहरू दिउँसो करिब १ः२० बजे बाल सुधार गृहको पूर्वपट्टि रहेको भवनको माथिल्लो तलाको शौचालयको भेन्टिलेसन फुटाएर सुरक्षाकर्मीलाई छल्दै भागेका थिए । घटनापछि जिल्ला प्रहरी कार्यालय पर्साबाट विशेष प्रहरी टोली परिचालन गरी तत्कालै खोजतलास सुरु गरिएको थियो।

खोजतलासकै क्रममा प्रहरी टोलीले करिब ३ः३० बजे नेपाल–भारत सीमा क्षेत्रस्थित मितेरी पुल नजिकैबाट दुवै बालकलाई नियन्त्रणमा लिन सफल भएको हो । भारततर्फ भाग्ने तयारीमा रहेका अवस्थामा उनीहरूलाई सीमा नाकामै पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका दुवै बालकलाई पुनः बाल सुधार गृहमै राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। तर बाल सुधार गृहको सुरक्षा अवस्था निकै फितलो भएको, १०–११ वर्षका बालक भेन्टिलेसन फुटाएर भाग्ने हुँदा पनि थाहा नपाउने भन्दै आलोचना भएको छ। पर्साको प्रहरी प्रशासन पछिल्लो समय किन यस्तरी सुस्तायो भनेर प्रश्न खडा भएको छ।








पाटन दरबार क्षेत्रः ललितपुरको पाटनस्थित विश्व सम्पदा सूचीमा सूचीकृत पाटन दरबार क्षेत्र। तस्बिरः रासस

# ठोरीका पाँच विद्यालयको कक्षा १२ नतिजाः उत्तीर्ण दर ३१ प्रतिशत मात्र, सरस्वती मावि उत्कृष्ट



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरी गाउँपालिकामा रहेका पाँच विद्यालयको कक्षा १२ को नतिजाले अपेक्षाकृत कमजोर प्रदर्शन देखाएको छ । यस वर्ष परीक्षामा सहभागी कुल १४५ विद्यार्थीमध्ये ४५ जना मात्र उत्तीर्ण भएका छन्, जसअनुसार समग्र उत्तीर्ण प्रतिशत ३१.०३ रहेको छ।

उत्तीर्ण प्रतिशतका आधारमा सरस्वती माध्यमिक विद्यालय गाउँपालिकाभित्र सबैभन्दा उत्कृष्ट विद्यालय बनेको छ । उक्त विद्यालयबाट परीक्षामा सहभागी ४२ विद्यार्थामध्ये २३ जना उत्तीर्ण भएका छन् । ५४.७६ प्रतिशत नतिजासहित सरस्वती माविले ठोरीका विद्यालयमध्ये पहिलो स्थान हासिल गरेको हो।

दोस्रो स्थानमा रहेको ज्ञान वाटिका माध्यमिक विद्यालय, सुवर्णपुरबाट सहभागी १२ विद्यार्थामध्ये ४ जना उत्तीर्ण भएका छन्। विद्यालयको उत्तीर्ण प्रतिशत ३३.३३ रहेको छ।

त्यसैगरी नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, ओडारले २५ प्रतिशत नतिजासहित तेस्रो स्थान प्राप्त गरेको छ । उक्त विद्यालयबाट परीक्षामा सहभागी १६ जनामध्ये ४ जना उत्तीर्ण भएका हुन् । प्राविधिक माध्यमिक विद्यालय, दीपकनगरबाट ३९ विद्यार्थी सहभागी भएकोमा ८ जना उत्तीर्ण भएका छन् । २०.५१ प्रतिशत नतिजासहित विद्यालय चौथो स्थानमा रहेको छ।

यस्तै माध्यमिक विद्यालय, विजयबस्तीबाट सहभागी ३६ विद्यार्थामध्ये ६ जना उत्तीर्ण भएका छन्। १६.६७ प्रतिशत उत्तीर्ण दरसहित उक्त विद्यालय पाँचौं स्थानमा परेको छ । यसैबीच, ज्ञान वाटिका माध्यमिक विद्यालय सुवर्णपुरकी छात्रा जानकी कुमारी चौधरीले ३.६४ जीपीए हासिल गर्दै ठोरी गाउँपालिकाभरिका विद्यालयमध्ये सर्वाधिक अंक प्राप्त गर्ने विद्यार्थीको रूपमा आफूलाई स्थापित गरेकी छन् । समग्र नतिजाले ठोरी गाउँपालिकाको माध्यमिक तहको शैक्षिक अवस्था सुधारका लागि थप प्रयास आवश्यक रहेको संकेत गरेको छ भने केही विद्यालयले तुलनात्मक रूपमा उत्साहजनक प्रदर्शन गरेका छन्।

# गृह प्रशासनलाई दिगो शान्ति र समृद्धिको आधार बनाउने गृहमन्त्रीको सङ्कल्प

**काठमाडौँ।**
गृहमन्त्री सुधन गुरुङले गृह प्रशासनलाई केबल परम्परागत सुरक्षा 'एजेन्सी'का रुपमा मात्र सीमित नराखी यसलाई दिगो शान्ति, विकास, सुशासन र समृद्धिको आधारका रूपमा अगाडि बढाउने स–ङ्कल्प व्यक्त गरेका छन्।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा विनियोजन विधेयक, २०८३ अन्तर्गत गृह मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै गृहमन्त्री गुरुङले राष्ट्रिय परिचयपत्रलाई सबै प्रकारका सार्वजनिक सेवाहरूसँग पूर्ण रूपमा आबद्ध गरिने बताए। लैङ्गिक हिंसा, विभिन्न कुप्रथाका कारणले पीडित परिवारलाई न्याय दिन विशेष गरी महिला केन्द्रित संयन्त्रहरू क्रियाशील बनाइएको जानकारी दिँदै उनले आगामी बजेटमा उक्त कार्यक्रमलाई विशेष जोड दिइएको बताए।

'नागरिकको गुनासो २४सै घण्टा सुनुवाइ गर्न गृह मन्त्रालयमा मैले 'हेलो गृह' कल सेन्टर व्यवस्था गरिसकेको र नागरिकलाई गुनासो सुनुवाइको जानकारी दिने गरी प्रविधिमैत्री बनाई यो सरकारले नागरिकको कुरा सधैँ सुन्ने र सम्बोधन गर्ने विश्वास दिलाउन चाहन्छु,' गृहमन्त्री गुरुङले भने। नेपाल प्रहरीलेसमेत 'केस ट्रयाकिङ सिस्टम' नै बनाइसकेको जानकारी दिँदै गृहमन्त्री गुरुङले यसको प्रगति नागरिकसम्म 'एसएमएस' जाने गरी जवाफदेही सरकारको अवधारणालाई आफूले कार्यान्वयनमा ल्याएको बताए।

'हालको सूचना प्रविधिको युगमा सरकारले साइबर अपराधका विभिन्न प्रकृति तथा अन्तरराष्ट्रियस्तरमा भएका 'बोर्डरलेस क्राइम'का नयाँ चुनौतीलाई सम्बोधन गर्न नेपाल प्रहरीको प्रविधिमैत्री अनुसन्धान क्षमता विस्तार, कार्यक्षमता बढाउन र अपराध अनुसन्धानलाई वैज्ञानिक बनाउन रु ५० करोड ४९ लाखको लगानीमा एआई र 'एडभान्स्ड एनालिटिक्स क्यापाबिलिटी डेभलपमेन्ट' कार्यक्रम सञ्चालन गरिनेछ,' गृहमन्त्री गुरुङले भने।

सुरक्षा निकायका लागि पूर्वाधार विकासमा बजेट थप गरिएको र प्रविधि विस्तार गर्न 'मोडर्न पुलिस पेट्रोलिङ ड्रोन', 'हेभी लिफ्टिङ ड्रोन', 'सर्च एण्ड रेस्क्यु ड्रोन' लगायत पछिल्ला प्राविधिक उपकरण खरिद गर्न बजेट उपलब्ध गराइएको उनले जानकारी दिए । गृहमन्त्री गुरुङले प्रहरी इकाइका जग्गा–जमिन, भवन र आवश्यक सामग्रीको अवस्था र आवश्यकताका सम्बन्धमा एकीकृत प्रतिवेदन तयार पारी पेस गर्न सुरक्षा निकायलाई निर्देशन दिएको स्पष्ट पारे।

'विभिन्न सरकारी निकायको नाममा रहेको जग्गामा हाल प्रहरी बस्दै आएको अवस्था अन्त्य गर्न प्रहरी कार्यालयकै नाममा जग्गा कायम गर्न सम्बन्धित सरकारी निकायसँग समन्वय गरी अर्को वर्ष यस कार्य सम्पन्न गरिनेछ,' गृहमन्त्री गुरुङले भने, 'सोपश्चात् प्राथमिकताका आधारमा दुवै प्रहरी निकायको भवन संरचना निर्माण गर्न समग्र कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । अर्को वर्ष दुवै प्रहरीतर्फ ७९ भवन निर्माण गर्न बजेट विनियोजन भएको जानकारी गराउन चाहन्छु।'

विपद्का अवस्थामा नागरिकको ज्यान जोगाउनु राज्यको प्राथमिक दायित्व भएको उल्लेख गर्दै गृहमन्त्री गुरुङले विपद् जोखिमको अवस्था हेरी सरकारी निकाय र सबै सरोकारवालाको समन्वयमा पूर्वतयारी र प्रतिकार्य प्रभावकारी हुनेगरी आवश्यक व्यवस्था मिलाइएको बताए।

'विभिन्न जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिबाट खोज तथा उद्धार सामग्री विवरण प्रणाली अध्यावधिक गरिएको छ । प्राधिकरणबाट खोज तथा उद्धार सामग्री खरिद गरी माग भएका ठाउँमा पठाउने व्यवस्था गरिएको छ,' उनले भने। विगतमा भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माणमा रु पाँच अर्ब बजेट स्वीकृत भई काम अगाडि बढाइएको गृहमन्त्री गुरुङले जानकारी दिए।

लागुऔषध नियन्त्रणको अन्तर्राष्ट्रिय दिवसलाई औपचारिक मात्रै नबनाइने उल्लेख गर्दै उनले लागुऔषधको आपूर्ति श्रृंखला तोड्न गर्न जरासम्म पुगेर नियन्त्रण गर्न प्रहरीलाई निर्देशन दिइएको बताए।

सरकारले भ्रष्टाचार रोक्न शून्य सहनशीलताको नीति लिएको स्पष्ट पार्दै गृहमन्त्री गुरुङले भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्ने यो सरकारको मुख्य दायित्व भएकाले प्रहरीका केन्द्रीय र प्रदेशका प्रमुखलाई मातहतका कर्मचारीको निगरानी गर्न तथा कार्य सम्पादन मूल्याङ्कनका आधारमा पुरस्कार तथा दण्ड दिने नीतिलाई कडाइका साथ कार्यान्वयन गर्न निर्देशन दिइएको बताए।

गृह मन्त्रालयमा केन्द्रीय 'कमाण्ड सिस्टम' जडान गरी देशभरि र सीमामा समेत सबै सुरक्षा निकायको निगरानी र प्रभावकारी सूचना विश्लेषण गर्ने प्रणालीका लागि बजेट छुट्याइएको गृहमन्त्री गुरुङको भनाइ थियो । आगामी वर्षको बजेट कार्यान्वयनपश्चात् धेरै जिल्लामा नयाँ कारागार भवन निर्माण हुने उनले बताए।

गृहमन्त्री गुरुङले हाल करिब १९ हजार कैदी राख्ने क्षमता भएकामा करिब २६ हजार ८ सय कैदीबन्दीको चाप रहेको सदनलाई जानकारी गराए । 'आगामी वर्ष कारागार निर्माणमा 'युनिफर्मिटी' कायम गरी हरेक प्रदेशमा एक–एक वटा ठूला कारागार निर्माण गर्ने र प्रदेशभित्रका अन्य कारागारलाई थुनुवा केन्द्रका रूपमा विकास गर्ने योजना रहेको छ,' उनले भने।

कारागारको भौतिक अवस्थाअनुसार पूर्वाधार सुधारमा बजेट विनियोजन गएिको जानकारी दिँदै गृहमन्त्री गुरुङले ११ कारागार भवन बनिरहेको र २० कारागारका नयाँ भवनका लागि समेत बजेट छुट्याइएको बताए। उनले प्राकृतिक विपद्का कारण घरबारविहीन भएका र परिवार गुमाएकाका लागि राहत सहायता वितरण गरिएको बताए।

'क्षति भएका आवास निर्माण गर्न प्रभावित परिवारलाई बैङ्क खातामा रकम दिन मापदण्डअनुसार बजेटको समेत व्यवस्था मिलाएको छ, बाढी पहिरोको जोखिम क्षेत्रमा टेक्निकल इभ्यालुएसन गरेर योजनाबद्ध रूपमा काम गर्न प्राथमिकता दिएको छु,' गृहमन्त्री गुरुङले भने। रासस

# वीरगंजमा लापसे चेकजाँचः ५ जना लागू पदार्थ सेवन गरेको फेला




**मधेशदृष्टि**
**वीरगंज।**
सवारी दुर्घटना न्यूनीकरण तथा सुरक्षित यातायात व्यवस्थापनलाई लक्षित गर्दै वीरगंजमा सञ्चालन गरिएको लागू पदार्थ सेवन (लापसे) परीक्षणका क्रममा पाँच जना चालक नियन्त्रणमा परेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले नारायणी अस्पतालको सहकार्यमा शुक्रबार वीरगंज महानगरपालिका–१४ स्थित गण्डक चोक क्षेत्रमा सवारी चालकहरूको लापसे परीक्षण गरेको थियो।

सो क्रममा २२ जना चालकको परीक्षण गर्दा पाँच जनामा लागू पदार्थ सेवन गरेको पुष्टि भएको प्रहरीले जनाएको छ । ट्राफिक प्रहरीका अनुसार लागू पदार्थ सेवन गरेको पाइनेमध्ये एक जना निजी सवारीसाधनका चालक र चार जना सार्वजनिक सवारीसाधनका चालक रहेका छन् । परीक्षणमा लापसे गरेको देखिएपछि उनीहरूलाई तत्काल नियन्त्रणमा लिइएको हो।

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख तथा ट्राफिक प्रहरी निरीक्षक दीपेन्द्र श्रेष्ठका अनुसार नियन्त्रणमा लिइएका चालकहरूलाई आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउन जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाइएको छ । प्रहरी निरीक्षक श्रेष्ठले सडक दुर्घटना रोकथाम तथा चालकहरूको जिम्मेवार व्यवहार सुनिश्चित गर्न समय–समयमा यस्ता विशेष अभियान सञ्चालन हुँदै आएको बताए।

उनका अनुसार लागू पदार्थ सेवन गरेर सवारी चलाउने प्रवृत्तिलाई निरुत्साहित गर्न लापसे परीक्षण अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिइनेछ।

# अव्यवस्थित बसोबासी र सुकुमवासीलाइ सेतो पूर्जा दिने



**महोत्तरी।**
बर्दिवास नगर क्षेत्रका १० हजार २९८ जना अव्यवस्थित बसोबासी र सुकुमवासीले पहिलोपल्ट सेतो पुर्जा (घरजग्गाको निस्सा) पाउने भएका छन् । बर्दिवास नगरपालिकाका १४ वटा वडामा वर्षौंदेखि ऐलानी, पर्ति र सरकारी जग्गामा घर बनाएर बसेका अव्यवस्थित बसोबासी र सुकुमवासीलाई बसोबास र जग्गाको भोगाधिकार प्रमाणित गर्दै सेतो पुर्जा दिने व्यवस्था अन्तिम चरणमा पुगेको छ।

नगरपालिकाले भोग प्रमाणका आधारमा सेतो निस्सा प्रदान गरेपनि जग्गाको स्थायी निस्सा (लालपुर्जा) प्रदानको अधिकार भने सङ्घीय निकायअन्तर्गत नै रहने कानुनी व्यवस्था छ। आगामी आर्थिक वर्षभित्रै अव्यवस्थित बसोबासी र सुकुमवासीलाई जग्गा र सेतो पुर्जा उपलब्ध गराउने बर्दिवास नगरपालिकाका नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीले जानकारी दिए।

बर्दिवास नगरक्षेत्रका १४ वटै वडामा अव्यवस्थित बसोबासी र सुकुमवासीको बसोबास छ । जिल्लाका १५ स्थानीयमध्ये सबैभन्दा बढी बर्दिवास नगरपालिकाको १४ नं वडामा ६० भन्दा बढी सुकुमवासी बस्ती छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नेपालको संविधान अनुसूची–८ ले स्थानीय तहलाई भूमि व्यवस्थापन सम्बन्धी प्रदान गरेको अधिकार क्षेत्रमा रही नगरपालिकाले सेतो निस्सा वितरण गर्ने प्रक्रिया सुरु गर्ने भएको हो। रासस

# जनकपुरधामलाई व्यवस्थित सहर बनाउन सुरु



**जनकपुरधाम।**
जनकपुरधामलाई व्यवस्थित सहर बनाउने काम सुरु भएको छ । जनकपुरधाम मधेस प्रदेशको राजधानी हो। एशियाली विकास बैंक (एडिबी) को आर्थिक सहयोगमा फोहर व्यवस्थापन सुधार, खानेपानीको आपूर्ति, वर्षामा परेको पानीको उचित व्यवस्थापन तथा सडकका स्तरोन्नति, ढल निकासमा सुधार मार्फत जनकपुरधामलाई व्यवस्थित सहर बनाउन सुरु गरिएको हो।

एकीकृत सहरी विकास परियोजना (आयुडिपी) अन्तर्गत प्राप्त कुल रु दुई अर्ब १३ करोडको ऋण स्वीकृत मा सहरको सौन्दर्यता बढाउने उद्देश्यले जनकपुरधामलाई गौरव गर्न लायक सहर बनाउन लागिएको उपमहानगर पालिकाका प्रमुख मनोज कुमार साहले बताए। नेपाल सरकारको ७५ प्रतिशत र बाँकी स्थानीय उपमहानगरपालिकालगायत निकायले व्यहोर्ने गरी उक्त योजना सम्पन्न गर्न बोलपत्र आह्वान प्रक्रिया सुरु भइसकेको छ। रासस

# जानकी मेडिकल कलेजमा डायलेसिस सेवा सञ्चालन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको क्षिरेश्वरनाथ नगरपालिका–५ रमदैया भवाडीस्थित जानकी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटलमा डायलेसिस सेवाको शुभारम्भ गरिएको छ । मृगौला रोगबाट पीडित बिरामीलाई सहज र सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अस्पतालले पाँच शैय्याको डायलेसिस सेवा सञ्चालनमा ल्याएको हो ।
क्षिरेश्वरनाथ नगरपालिकाका नगरप्रमुख सुखदेव यादवले सेवाको औपचारिक उद्घाटन गर्दै यसले धनुषा तथा आसपासका जिल्लाका मृगौला रोगीलाई ठूलो राहत पुग्ने विश्वास व्यक्त गरे । उनले स्वास्थ्य सेवा नागरिकको आधारभूत आवश्यकता भएकाले स्थानीय स्तरमै गुणस्तरीय उपचार सेवा विस्तार हुनु सकारात्मक उपलब्धि भएको बताए ।
जानकी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटलका हस्पिटल डाइरेक्टर अमितरञ्जन मिश्राले जनकपुरधाम तथा मधेशका विभिन्न जिल्लाबाट मृगौला रोगीहरू डायलेसिस गराउन अन्य शहर धाउन बाध्य भइरहेको अवस्थामा अस्पतालले नयाँ सेवा सुरु गरेको जानकारी दिए । उनका अनुसार नियमित डायलेसिस आवश्यक पर्ने बिरामीले समयमै उपचार नपाउँदा थप स्वास्थ्य जटिलता भोग्नुपर्ने अवस्था रहेको छ ।
मिश्राले अस्पतालले सामाजिक उत्तरदायित्वलाई ध्यानमा राख्दै अन्य स्वास्थ्य संस्थाको तुलनामा सुलभ शुल्कमा सेवा उपलब्ध गराउने निर्णय गरेको बताए ।
उनका अनुसार अस्पतालले प्रति पटक तीन हजार रुपैयाँमा डायलेसिस सेवा प्रदान गर्ने व्यवस्था गरेको छ । यसबाट आर्थिक रूपमा कमजोर बिरामीसमेत लाभान्वित हुने अपेक्षा गरिएको छ ।
मधेश प्रदेशमा मृगौला रोगका बिरामीको संख्या बढ्दै गइरहेको अवस्थामा स्थानीय स्तरमा डायलेसिस सेवा विस्तार हुनु स्वास्थ्य क्षेत्रका लागि महत्वपूर्ण कदमका रूपमा हेरिएको छ । यसअघि धेरै बिरामीहरू जनकपुरधाम बाहिरका अस्पतालमा उपचार गराउन जानुपर्ने बाध्यता रहेको थियो । नयाँ सेवा सञ्चालनसँगै समय, खर्च र उपचार पहुँचका दृष्टिले बिरामीलाई सहजता हुने विश्वास गरिएको छ ।
कार्यक्रममा जानकी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटलका निमित्त प्रमुख रामबहादुर यादव, क्षिरेश्वरनाथ नगरपालिका वडा नं. १ का वडाध्यक्ष मकेश्वर यादव, अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी तथा स्थानीय सरोकारवालाको उपस्थिति रहेको थियो ।

# प्रहरी कार्यालयमै हुलहुज्जत तथा तोडफोड, तीनजना पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको ईश्वरपुर नगरपालिका–१५ स्थित एक जग्गा विवादलाई लिएर प्रहरी कार्यालयमै हुलहुज्जत, ढुङ्गामुढा तथा गाडी तोडफोड गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेहरूमा बाराको जितपुर सिमरा उपमहानगरपालिका–११ घर भई हाल ईश्वरपुर–१५ सुकनाहा बस्ने ३२ वर्षीय विनोद कडेरिया, सोही स्थानका ६२ वर्षीय जयप्रसाद गौतम र उनका ३६ वर्षीय छोरा उज्ज्वल गौतम रहेका छन् । अदालतको आदेशानुसार जग्गा भोगचलन गर्न पुगेका धनीमाथि अवरोध सिर्जना गर्दै उनीहरूले इलाका प्रहरी कार्यालय केशरगञ्ज परिसरमै पुगेर उपद्रव मच्चाएका हुन् ।
जिल्ला अदालत सर्लाहीले स्थानीय कालिका उप्रेतीको निर्विवाद हकभोग तथा स्वामित्वमा रहेको जग्गा उनलाई भोगचलन गर्न नरोकिने भनी आदेश जारी गरेको थियो । सोही आदेशका आधारमा उप्रेती आफ्नो जग्गा भोगचलनका लागि पुगेका थिईन् । तर, त्यहाँ केही व्यक्तिहरूले अवरोध खडा गरेपछि समस्य आएको थियो । विवाद भए पछि दुवै पक्षविच इलाका प्रहरी कार्यालय केशरगञ्जमा छलफल भइरहेको थियो । छलफलकै क्रममा आक्रोशित समूहले प्रहरी कार्यालय परिसरमै पार्किङ गरी राखिएको उप्रेतीको सवारी साधन तोडफोड गरेका थिए । स्थिति नियन्त्रणमा लिन खोज्दा उत्तेजित भिडले उल्टै प्रहरीमाथि ढुङ्गामुढा प्रहार गरेको थियो ।
सो क्रममा उनीहरूले इलाका प्रहरी कार्यालय केशरगञ्जको मुख्य गेट समेत तोडफोड गर्ने प्रयास गर्दै सुरक्षा निकायमाथि नै चुनौती दिएको प्रहरीले जनाएको छ ।

# जिराभवानी गापाद्वारा ४० करोड ८३ लाखको बजेट पारित, शिक्षा र पूर्वाधार विकासलाई उच्च प्राथमिकता

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जिराभवानी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४० करोड ८३ लाख रुपैयाँ बराबरको बजेट, नीति तथा कार्यक्रम स्वीकृत गरेको छ ।
गाउँपालिकाको १७औँ गाउँसभाले विकास र सेवा प्रवाहलाई केन्द्रमा राख्दै उक्त बजेट अनुमोदन गरेको हो । गाउँपालिकाको सभाहलमा सम्पन्न गाउँसभामा अध्यक्ष अनोज चौधरी, उपाध्यक्ष रेखा चौधरी, प्रमुख प्रशासकीय अधिकृत अमित गिरी, वडा अध्यक्षहरू, कार्यपालिका सदस्य, विभिन्न राजनीतिक दलका प्रतिनिधि, कर्मचारी तथा स्थानीय सरोकारवालाहरूको सहभागिता रहेको थियो ।
प्रस्तुत बजेटअनुसार शिक्षा क्षेत्रको विकासका लागि २ करोड रुपैयाँ विनियोजन गरिएको छ भने स्वास्थ्य क्षेत्रमा १ करोड रुपैयाँ छुट्याइएको छ । कृषि क्षेत्रको प्रवद्र्धनका लागि १ करोड ५० लाख रुपैयाँ र सामाजिक विकास कार्यक्रम सञ्चालनका लागि पनि १ करोड ५० लाख रुपैयाँ बजेट प्रस्ताव गरिएको छ । त्यसैगरी भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकता दिँदै ५ करोड रुपैयाँ बजेट व्यवस्था गरिएको छ ।
प्रमुख प्रशासकीय अधिकृत अमित गिरीका अनुसार अध्यक्षस्तरीय योजनाका लागि ६० लाख रुपैयाँ, उपाध्यक्ष कार्यक्रमका लागि ६० लाख रुपैयाँ तथा प्रत्येक वडाका योजनाका लागि ६० लाख रुपैयाँका दरले बजेट विनियोजन गरिएको छ । कार्यपालिकास्तरीय योजनाका लागि भने २० लाख रुपैयाँ छुट्याइएको उनले जानकारी दिए ।




गाउँसभालाई सम्बोधन गर्दै अध्यक्ष अनोज चौधरीले शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार क्षेत्रलाई विकासको मुख्य आधार मानेर बजेट तथा कार्यक्रम तयार गरिएको बताए ।
उनले स्थानीय आवश्यकताअनुसार विकासका कार्यक्रम सञ्चालन गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने र जनअपेक्षालाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे ।
उपाध्यक्ष रेखा चौधरीले महिला, बालबालिका, किसान तथा आर्थिक रूपमा विपन्न समुदायको जीवनस्तर उकास्न बजेटले महत्वपूर्ण योगदान पु¥याउने विश्वास व्यक्त गरिन् । त्यसैगरी प्रमुख प्रशासकीय अधिकृत गिरीले पारदर्शिता, सुशासन र प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राखेर सबै योजना निर्धारित समयभित्र सम्पन्न गर्ने प्रतिबद्धता जनाए ।
गाउँसभामा आर्थिक वर्ष २०८३÷०८४ का नीति, कार्यक्रम तथा बजेटमाथि विस्तृत छलफल गरी प्राप्त सुझावहरू समेटेर अन्ततः अनुमोदन गरिएको गाउँपालिका कार्यालयले जनाएको छ ।

# डिजेललाई पेयपदार्थ ठानेर खादा बालक गम्भीर घाइते

**मधेशदृष्टि**
**कलैया ।**
बोतलमा राखिएको डिजेललाई चिसो पेय पदार्थ ठानेर सेवन गर्दा बारामा एक ४ वर्षीय बालक गम्भीर बिरामी परेका छन् । घरमा राखिएको स्प्राइटको बोतलमा भरिएको डिजेल पिएका कारण बालकको स्वास्थ्य अवस्था बिग्रेको हो । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार बाराको सुवर्ण गाउँपालिका–६ मुसहर्ना निवासी महेबुब अन्सारीका ४ वर्षीय छोरा साहेब आलमले बिहीबार दिउँसो आफ्नै घरमा राखिएको स्प्राइटको बोतलभित्रको डिजेल पिएका थिए । सो पछि बालकलाई अत्यधिक पेट दुख्ने र बान्ता हुने जस्ता समस्या देखिएपछि परिवारका सदस्यहरूले बालकलाई तत्काल प्रादेशिक अस्पताल कलैया पु¥याएका थिए ।
हाल अस्पतालका चिकित्सकहरूको विशेष निगरानीमा बालकको उपचार भइरहेको र प्रहरीले अस्पताल प्रशासनसँग समन्वय गरी बालकको स्वास्थ्य अवस्थाबारे नियमित जानकारी लिइरहेको बारा प्रहरीले जनाएको छ ।

# नर्सिङ विद्यार्थीद्वारा पोषण प्रदर्शनी, स्वस्थ आहारबारे जनचेतना फैलाउने प्रयास

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित बीएचसी मेडिकल कलेजको नर्सिङ संकायमा अध्ययनरत विद्यार्थीहरूले पोषणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले एकदिने पोषण प्रदर्शनी आयोजना गरेका छन् ।
वीरगंजको बहुअरीस्थित वीरगन्ज हेल्थ केयर हस्पिटल परिसरमा सम्पन्न प्रदर्शनीमा गर्भवती महिला, सुत्केरी आमा, नवजात शिशु तथा विभिन्न उमेर समूहका बालबालिकाका लागि आवश्यक पोषणयुक्त आहारबारे जानकारीमूलक सामग्री प्रदर्शन गरिएको थियो ।
प्रविणता प्रमाणपत्र तह (पीसीएल) नर्सिङ दोस्रो वर्षमा अध्ययनरत ४० जना विद्यार्थीहरूले अस्पतालमा उपचार तथा सेवा लिन आएका बिरामी, कुरुवा र अन्य सेवाग्राहीलाई पोषणयुक्त भोजनको महत्व, तयारी गर्ने विधि तथा सही रूपमा सेवन गराउने तरिकाबारे प्रत्यक्ष जानकारी दिएका थिए ।
प्रदर्शनीमा गर्भावस्थामा आवश्यक पोषक तत्वयुक्त खानपान, शिशु जन्मिएपछि स्तनपानको महत्व, बोतलबाट दूध खुवाउँदा अपनाउनुपर्ने सावधानी, पूरक आहारको सुरुवात र उपयुक्त खाद्य सामग्री छनोट, सर्वोत्तम पीठोको उपयोगिता तथा तयारी विधिलगायत विषय समेटिएका सामग्री राखिएका थिए ।
त्यसैगरी अन्नप्राशनको महत्व, शिशुलाई दिनुपर्ने पोषणयुक्त खानेकुराहरू, सही तरिकाले हात धुने विधि तथा विद्यालय जाने बालबालिकाका लागि पौष्टिक टिफिन बक्स तयार गर्ने उपायबारे पनि जानकारीमूलक प्रदर्शनी सामग्री प्रस्तुत गरिएको थियो ।
बीएचसी मेडिकल कलेजकी प्राचार्य उषा घिमिरेका अनुसार पोषणसम्बन्धी व्यवहारिक ज्ञान समुदायसम्म पु¥याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । प्रदर्शनीमा कलेजका विद्यार्थी, शिक्षक, कर्मचारी तथा अस्पतालसँग सम्बन्धित विभिन्न व्यक्तिहरूको सहभागिता रहेको थियो ।
स्वास्थ्य र पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित उक्त प्रदर्शनीले सेवाग्राहीहरूलाई उपयोगी जानकारी प्रदान गरेको सहभागीहरूले बताएका छन् ।

# वडाध्यक्ष र प्रअबीचको विवादले दिवा खाजा रोकियो

**मधेशदृष्टि**
**कलैया ।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका–२४ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय हरपुरमा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्थात वडाध्यक्ष र प्रधानाध्यापकबीचको विवादका कारण दिवा खाजा कार्यक्रम रोकिएको छ ।
वितेको वैशाखदेखि खाजा रोकिए पछि विद्यार्थीको उपस्थिती घटेको सो विद्यालयका शिक्षकहरूले बताएकाछन् । गर्मीको समयमा भोकै बस्दा कतिपय बालबालिका रिङटा लागेर बेहोस हुने गरेकाछन् । विद्यालयका प्रधानाध्यापक राम नरेश यादवले वडाध्यक्ष समेत रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षको कारण खाजा कार्यक्रम रोकिएको आरोप लगाएका छन् ।
वडाध्यक्ष तथा व्यवस्थापन समितिका अध्यक्ष सुल्तान अन्सारीले भने प्रधानाध्यापकले नियोजित रूपमा खाजा कार्यक्रम रोकेको दाबी गरे । उनले पटक–पटक निर्देशन दिँदा पनि कार्यान्वयन नभएको र स्पष्टीकरण माग्दा समेत जवाफ नआएको आरोप लगाएका छन् ।
यस सम्बन्धमा जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा शाखाले वडाध्यक्ष र प्रधानाध्यापकबीचको विवादका कारण विद्यालय समस्याग्रस्त बनेको निष्कर्ष निकाल्दै तत्काल प्रधानाध्यापक हेरफेर गर्न सुझाव दिएको छ ।

# ३० वर्षे प्रहरी सेवापछि सई दिलीप दासको घोडाचढी सम्मानपूर्ण बिदाइ

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरीमा तीन दशक लामो सेवा पूरा गरी अवकाश प्राप्त गरेका प्रहरी नायब निरीक्षक (सई) दिलीपकुमार दासलाई वीरगंजस्थित नेपाल प्रहरी प्रदेश कार्यालयले घोडा चढाएर विशेष सम्मानसहित बिदाइ गरेको छ । शुक्रबार आयोजित बिदाइ समारोहमा अवकाशप्राप्त सई दासलाई परम्परागत सम्मानको प्रतीकस्वरूप घोडामा सवार गराई कार्यालय परिसरबाट विदाइ गरिएको थियो ।
नेपाल प्रहरी प्रदेश कार्यालयले लामो सेवायात्रामा पु¥याएको योगदानको कदर गर्दै उनलाई सम्मानपूर्वक बिदाइ गरेको जनाएको छ । प्रदेश कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) कृष्णबहादुर पाली मगरले संगठनमा समर्पित भावनाका साथ सेवा गरेका प्रहरी कर्मचारीलाई विशेष सम्मान प्रदान गर्ने उद्देश्यले



सहकर्मीहरूको सुझावअनुसार यस्तो बिदाइ कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।
उनका अनुसार यस्ता सम्मानजनक कार्यक्रमले कार्यरत प्रहरी कर्मचारीमा सकारात्मक ऊर्जा, कर्तव्यप्रतिको समर्पण र सेवाप्रतिको उत्तरदायित्व अझ मजबुत बनाउने अपेक्षा गरिएको छ । सेवाकालभरि इमान्दारी, अनुशासन र निष्ठापूर्वक काम गर्ने प्रहरी कर्मचारीका लागि यसले प्रेरणादायी सन्देश प्रवाह गर्ने एसएसपी मगरको भनाइ छ ।
लामो समयसम्म नेपाल प्रहरी संगठनमा रहेर विभिन्न जिम्मेवारी निर्वाह गरेका सई दासको योगदानको उच्च मूल्यांकन गर्दै उनलाई सम्मानसहित बिदाइ गरिएको कार्यालयले जनाएको छ । बिदाइ कार्यक्रममा प्रहरी अधिकृत, जवान तथा प्रदेश कार्यालयमा कार्यरत अन्य सुरक्षाकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# चोरीको पिकअप प्रयोग गरि चोरी गर्ने पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बरहथवा नगरपालिका–३ प्रतिटोलमा चोरी भएको पिकअप गाडी प्रयोग गरी, चोरी गर्दै गरेका एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा बागमती नगरपालिका–६ निवासी १८ वर्षीय जुमुन मियाँ रहेका छन् ।
प्रहरीका अनुसार शुक्रबार बिहान करिब ४ बजे मियाँले विजय यादवको घरबाट मोबाइल फोन र नगद चोरी गरेका थिए ।
त्यसपछि नजिकै रहेको मनोज सहनीको घरमा चोरी गर्न पुगेका बेला घरधनी पक्षले देखेपछि होहल्ला भएको थियो ।
घटनापछि पक्राउ परेका मियाँको साथबाट मधेश प्रदेश ०४–००१ च ०३६७ नम्बरको पिकअप बरामद गरिएको छ । प्रारम्भिक अनुसन्धानमा उक्त गाडी जेठ १९ गते इलाका प्रहरी कार्यालय हरिवन क्षेत्रबाट चोरी भएको खुलेको प्रहरीले जनाएको छ ।
सर्लाहीका प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमका अनुसार चोरीमा प्रयोग गरिएको गाडी हराएको सवारीसँग मेल खाएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

# श्रोत नखुलेको ३२ लाख रुपैयाँसहित दुईजना पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीमा स्रोत नखुलेको ३२ लाख रुपैयाँसहित दुई जना युवक पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार मलंगवा नगरपालिका–१० स्थित झिम पुल नजिक भारतबाट नेपालतर्फ आउँदै गरेको म.प्र. ०५–००१ प ११०६ नम्बरको मोटरसाइकल चेकजाँच गर्ने क्रममा उक्त नगद बरामद गरिएको हो ।
पक्राउ पर्नेमा सर्लाहीको रामनगर गाउँपालिका–३ निवासी २८ वर्षीय गुड्डु कुमार यादव र सोही स्थानका २४ वर्षीय रुपेश कुमार यादव रहेका छन् । उनीहरूको साथबाट एक हजार दरका २ हजार ५०० थान, पाँच सय दरका १ हजार ३०० थान र एक सय दरका ५०० थान गरी कुल ३२ लाख रुपैयाँ बरामद भएको छ ।
बरामद रकमको वैध स्रोत खुलाउन नसकेपछि प्रहरीले नगद, मोटरसाइकल सहित दुवै जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सर्लाहीमा राखेर थप अनुसन्धान अघि बढाएको जनाएको छ ।

सम्पादकीय

# सत्ताको रङ फेरियो, तर के मधेशको मन फेरियो?

नेपालको राजनीतिक इतिहासमा 'मधेश' सधैं एउटा जीवन्त र संवेदनशील कडीका रूपमा रहिआएको छ। गणतन्त्रको घोषणापछिका दुई दशकमा मधेशले राज्यको माथिल्लो तहमा उल्लेख्य प्रतिनिधित्व पाएको छ। राष्ट्रपति, उपराष्ट्रपति जस्ता गरिमामय पदहरूमा मधेशीमूलका नागरिकको उपस्थिति र हालै सम्पन्न २०८२ को निर्वाचनपछि मुलुकले पहिलोपटक मधेशीमूलका कार्यकारी प्रमुख (प्रधानमन्त्री) पाउनु नेपाली लोकतन्त्रको समावेशी चरित्रको एउटा कोशेढुङ्गा हो।

तर, सत्ताको यो स्वरूप परिवर्तनले मात्र मधेशको गहिरो असन्तुष्टि र त्यहाँबाट उठ्ने विद्रोही स्वरहरूलाई मत्थर पार्न सकेको छैन भन्ने सङ्केत रौतहटमा हालै घोषित 'मधेश मुक्ति अभियान' ले दिएको छ।

प्रोफेसर कैलाश महतोको नेतृत्वमा सुरु भएको यो अभियानले उठाएका मागहरू र दिएको 'स्वतन्त्र मधेश' को चेतावनीले केही गम्भीर प्रश्नहरू उब्जाएको छ। एकातिर मधेशका पुराना शक्तिहरूलाई विस्थापित गर्दै नयाँ पुस्ता सत्ताको बागडोर सम्हाल्न आइपुगेको छ, अर्कोतिर फेरि पनि 'औपनिवेशिक शासन' को अन्त्य र 'मुक्ति' जस्ता शब्दहरूको पुनरावृत्ति भइरहेको छ। यसले के देखाउँछ भने मधेशको समस्या केवल 'चेहरा' वा 'प्रतिनिधित्व' को मात्र थिएन, बरु यो त डेलिभरी, न्याय र मनोवैज्ञानिक सम्मानको प्रश्न थियो।

प्रधानमन्त्री बालेन्द्र शाहले चुनावका बेला गरेका प्रतिबद्धताहरू पूरा नभए संघर्ष गर्ने चेतावनी दिनुले नयाँ नेतृत्वमाथि मधेशको अपेक्षा कति भारी छ भन्ने स्पष्ट पार्छ। मधेशले अब केवल 'आफ्नो मान्छे' सत्तामा पुगेको हेर्न मात्र चाहेको छैन, उसले आफ्नो दैनिक जीवनमा महसुस हुने परिवर्तन खोजेको छ। शिक्षा, स्वास्थ्य, कृषि र नागरिकता जस्ता आधारभूत मुद्दाहरूमा जबसम्म ठोस सुधार हुँदैन, तबसम्म यस्ता विद्रोही शक्तिहरूका लागि उर्वर भूमि बाँकी नै रहन्छ।

यो प्रश्नको उत्तर दुई पक्षबाट हेर्न सकिन्छ। सैद्धान्तिक रूपमा, लोकतन्त्रमा आफ्ना मागहरू राख्न र शान्तिपूर्ण अभियान चलाउनु नागरिकको अधिकार हो। यदि राज्यले आफ्ना नागरिकका गुनासाहरू सुन्दैन भने दबाब समूहहरू जन्मिने प्रक्रिया स्वाभाविक हुन्छ। तर, 'स्वतन्त्र राष्ट्र' वा 'विखण्डन' को धम्की दिएर राजनीति गर्नु भनेको लोकतान्त्रिक अभ्यास भन्दा बढी रणनीतिक बार्गेनिङ जस्तो देखिन्छ।

जब मुलुकले समावेशिताको उच्च नमुना प्रस्तुत गर्दै मधेशीमूलकै प्रधानमन्त्री पाएको छ, यस्तो बेला फेरि पनि अतिवादी बाटो रोज्नुले मधेशको वास्तविक मुद्दालाई ओझेलमा पार्न सक्छ। मधेशलाई अब 'मुक्ति' भन्दा पनि 'सुशासन' र 'समृद्धि' को खाँचो छ। विद्रोही शक्तिहरूले पनि यो बुझ्न जरुरी छ कि सत्तामा पुगेको नयाँ पुस्तालाई काम गर्ने समय र सहयोग नदिई फेरि आन्दोलनको बाटो रोज्नुले मधेशलाई झन् अस्थिरतातर्फ धकेल्न सक्छ।

निष्कर्षमा, मधेशको असन्तुष्टिलाई केवल राजनीतिक स्टन्ट मानेर बेवास्ता गरिनु हुँदैन। प्रधानमन्त्री शाह र वर्तमान सरकारले मधेशका भावनाहरूलाई उचित सम्बोधन गर्न ढिला गर्नु हुँदैन। तर, 'मधेश मुक्ति' जस्ता चर्का नाराहरूले भन्दा पनि रचनात्मक सहकार्य र खबरदारीले मात्र मधेशको वास्तविक उत्थान सम्भव छ। अबको लडाइँ 'देशभित्रको स्वतन्त्रता' को होइन, बरु 'राज्य संयन्त्रभित्रको न्याय र समानता' को हुनुपर्छ।

# फिफा विश्वकपको समूह चरणको पहिलो खेलले देखाएको सङ्केत



–नवीन लुइँटेल

उत्तर अमेरिकामा जारी २३ औँ संस्करणको विश्वकप फुटबलमा समूह 'ए' देखि 'एल' सम्म रहेका १२ वटै समूहको पहिलो चरणका खेल सकिएका छन्। पहिलो खेल सकिँदा फ्रान्स, अर्जेन्टिना, इङ्ल्याण्ड र जर्मनीजस्ता पूर्वविजेता टिमहरु विजयी हुँदा पाँच पटकको विश्व विजेता ब्राजिल र एक पटकको विजेता स्पेन बराबरीमा रोकिए। ब्राजिल मोरक्कोसँग एक–एक को बराबरीमा रोकिएको छ भने सन् २०१० को विश्वकप विजेता स्पेन पहिलोपल्ट विश्वकप खेल्दै गरेको अफ्रिकी राष्ट्रसँग गोलरहित बराबरीमा रोकिएको छ। क्रिस्चियानो रोनाल्डोको टिम पोर्चुगलले डिआर कङ्गोसँग एक–एक गोलको बराबरी खेल्यो।

यस्तै आयोजक मेक्सिकोले दक्षिण अफ्रिकालाई हराउँदा अमेरिकाले पाराग्वेलाई सहजै पाखा लगाएको छ। अर्को सहआयोजक क्यानाडाले पनि युरोपेली छनोटमा इटालीलाई हराएर आएको बोस्नियाहर्जगोविनासँग बराबरी खेलेको छ। यसैगरी एसियाली राष्ट्र दक्षिण कोरियाले चेक गणतन्त्रलाई हराउँदा जापानले नेदरल्याण्ड्ससँग दुई–दुई गोलको बराबरी खेलेको छ। कतारले भने स्वीजरल्याण्डसँग एक–एकको बराबरी गर्दै अङ्क बाँड्दा दुईपटकको विजेता उरुग्वेलाई साउदी अरेबियाले तीन अङ्क खोस्न दिएन र बराबरी भयो। पहिलो खेल जित्ने टोलीको अन्तिम ३२ को यात्रा सहज भएको छ भने बराबरी गर्ने टोलीको पनि सम्भावना माथि नै छ तर पराजित टिमका लागी बाँकी खेलमा सकारात्मक नतिजा ल्याउनुपर्नेछ।

कूल ४८ राष्ट्रबीच १२ समूहबाट आउने प्रत्येक समूहका विजेता र उपविजेता गरी २४ देशले अन्तिम ३२ मा स्थान पक्का गर्नेछन् भने थप आठ देशको टुङ्गो पनि ती १२ समूहका उत्कृष्ट तेस्रोबाट छानेर समावेश गरिनेछ। विजेता र उपविजेतासँगै तेस्रो हुनेहरूबाट पनि उत्कृष्ट आठ देशलाई अन्तिम ३२ मा लगिने हुँदा समूहका एक खेल जित्ने टोलीले पनि उत्कृष्ट तेस्रो हुँदै अर्को चरणमा पुग्ने सम्भावना बनाउन सक्नेछन्।

**समूह 'ए' मा मेक्सिको र दक्षिण कोरिया अगाडि**

मेक्सिको र दक्षिण कोरियाले उत्तर अमेरिकी तीन देशमा जारी २३ औँ संस्करणको विश्वकप फुटबलमा अन्तिम ३२ मा जाने सम्भावना बलियो बनाएका छन्। समूह ए का एक–एक खेल सकिँदा यी दुबै टोलीले आफ्ना पहिला खेल जित्दा अन्तिम ३२ का लागि सहज बाटो बनेको हो। मेक्सिको र कोरिया दुबैको तीन–तीन अङ्क छ।

चार देश रहेको यो समूहमा दक्षिण अफ्रिका र चेक गणतन्त्रले भने आफ्नो पहिलो खेल नै हार्दा अर्को चरणमा जान बाँकी खेलमा राम्रो नतिजा ल्याउनुपर्ने भएको छ। पहिलो खेलको नतिजासँगै समान तीन अङ्क भए पनि गोल अन्तर बढी भएकाले मेक्सिको पहिलो स्थानमा छ। उसले दुई गोल गरेर कुनै गोल खाएको छैन। तीन अङ्क नै भए पनि दक्षिण कोरिया दोस्रो स्थानमा छ। उसले चेक गणतन्त्रलाई हराएर पनि एक गोल खाएको छ। यो समूहमा चेक गणतन्त्र र दक्षिण अफ्रिका दुबै पहिलो खेलमा पराजित भए पनि एक गोल गरेका आधारमा चेक गणतन्त्र तेस्रो स्थानमा छ। दुई गोल खाएर उसले एक गोल फर्काएको थियो।

दक्षिण अफ्रिकाले दुई गोल खाएर एक गोल पनि गर्न सकेको छैन। अफ्रिका तालिकाको चौथो स्थानमा छ। कोरिया र मेक्सिकोका लागि बराबरीले पनि अन्तिम ३२ को यात्रा तय गर्न सक्छ भने चेक र अफ्रिकाका लागि दोस्रो खेलमा जितले यात्रा सहज बन्न सक्छ भने हारले यात्रालाई कठिन मोडमा पु¥याइदिन सक्छ।

**समूह 'बी' मा सबैको समान अङ्क**

फिफा विश्वकप २०२६ को समूह बि का एक–एक खेल सकिएका छन्। पहिलो खेल सकिँदा समूहमा रहेका स्वीजरल्याण्ड, क्यानडा, कतार र बोस्नीया हर्जगोविनाले एक–एक अङ्क बटुलेका छन्। सबै टिमले एक–एक गोल गरेका कारण र अङ्क पनि बराबर भएका कारण ती सबैको हैसियता बराबर

छ। सहआयोजक क्यानाडाले बोस्नियाहर्जगोविनासँग एक–एक को बराबरी गरेको छ भने अर्को खेलमा एसियाली राष्ट्र कतार र युरोपेली राष्ट्र स्वीजरल्याण्डले पनि बराबरी खेल्दै अङ्क बाँडेका थिए। अब ती चारवटै टिमले दुई–दुई खेल खेल्न बाँकी छ। क्यानाडाले कतार र स्वीजरल्याण्डसँग खेल्न बाँकी छ भने स्वीजरल्याण्डले बोस्नियाहर्जगोविना र क्यानाडासँग खेल्न बाँकी छ।

यस्तै बोस्नियाहर्जगोविनाले कतार र स्वीजरल्याण्डसँग खेल्न बाँकी छ। अन्तिम ३२ भित्र अटाउन यी सबै टोलीलाई मुख्य तय जितले सहज हुनेछ भने बराबरीले पनि संभावना हट्ने छैन तर हारले भने संभावना कमजोर बन्नेछ।

**समूह 'सी' मा ब्राजिल मोरक्कोसँग बराबरीमा**

तेइसौँ संस्करणको विश्वकप फुटबलअन्तर्गत समूह 'सी' का सबै टिमको पहिलो खेल सकिँदा स्कटल्याण्ड तीन अङ्कसहित शीर्ष स्थानमा छ। स्कटल्याण्डले लामो समय द्वन्द्वबाट गुज्रिएर फेरि फुटबलमा पाइला चालेको हाइटीलाई एक–शून्यले हराउँदै तालिकाको पहिलो स्थानमा उभ्याएको छ। यही समूहको अर्को खेलमा पाँचपल्टको विश्व विजेता ब्राजिल अफ्रिकी देश मोरक्कोसँग एक–एकको बराबरीमा रोकिएको छ। सुरुआती गोल मोरक्कोका इजनेल साइबारीले गरेका थिए। उनले खेलको २१ औँ मिनेटमा गोल गरेका थिए। त्यसपछि ११ मिनेट अग्रता बनाएको मोरक्कोले त्यसलाई निरन्तरता दिन सकेन।

विश्व फुटबलकै पहिलोदेखि अहिलेसम्म निरन्तर सहभागी ब्राजिलले कमब्याक गर्दै हारबाट त बचायो तर स्पष्ट तीन अङ्क लिन सकेन। समूह 'सी' मा शीर्षस्थानको स्कटल्याण्डको तीन अङ्क छ। बराबरी गरेका मोरक्को र ब्राजिलको समान एक–एक अङ्क छ भने हाइटी शून्य अङ्कसहित पुछारमा छ। अब अन्तिम ३२ मा पुग्न स्कटल्याण्डलाई सहज भएको छ भने ब्राजिल र मोरक्को लागि पनि सम्भावना प्रशस्तै छ तर हाइटीका लागि भने आगामी ब्राजिल र मोरक्कोसँगको खेलमा सुखद नतिजा ल्याउन अत्यावश्यक छ।

**समूह 'डी' मा अमेरिका र अष्ट्रेलियाको समान अङ्क**

फिफा विश्वकप फुटबलमा अष्ट्रेलियाले टर्कीलाई हराएसँगै समूह 'डी'मा आयोजक अमेरिका र अष्ट्रेलियाको समान तीन–तीन अङ्क भएको छ। एशियाली क्षेत्रको प्रतिनिधित्व गर्ने अष्ट्रेलियाले आइतबार विश्वकप फुटबलमा तेस्रो स्थान हासिल गरिसकेको टर्कीलाई दुई–शून्यले हराउन सफल भएको थियो। यसअघि यही समूहको पहिलो खेलमा आयोजक अमेरिकाले पाराग्वेलाई चार–एकले हराएको थियो। समूह तालिकामा अमेरिका समान तीन अङ्क भए पनि पहिलो स्थानमा छ। उसले चार गोल गरेर एक गोल खाएको छ। तीन अङ्क नै भए पनि अष्ट्रेलियाले दुई गोल गरेको छ। तसर्थ, गोल अन्तरमा अमेरिका अगाडि छ। यस्तै पराजित भएर पनि कम गोल खाएका कारण टर्की तेस्रो स्थानमा छ। उसले दुई गोल खाएको छ। पाराग्वे भने चार गोल खाएर एक गोल गर्दै तालिकाको पुछारमा छ। अब अन्तिम ३२ भित्र प्रवेश गर्न अमेरिका र अष्ट्रेलियाका लागि बराबरी पनि काफी हुन सक्नेछ भने पाराग्वे र टर्कीका लागि जित आवश्यक देखिन्छ। पाराग्वे र अमेरिकाले अब अष्ट्रेलिया र टर्कीसँग खेल्न बाँकी छ।

**समूह 'इ' मा जर्मनी बलियो, आइभरीकोष्ट पछयाउँदै**

नवप्रवेशी कुरासाओलाई भारी अन्तरले हराएपछि समूह 'इ' मा जर्मनी बलियो देखिएको छ। सात–एक अन्तरको जित बटुलेको चार पटकको विश्व विजेता जर्मनीको समूहमा पहिलो खेल सकिदा तीन अङ्क भएको छ। पहिलो खेलमा इक्वेडरलाई एक–शून्यले हराएको अफ्रिकी देश आइभरीकोष्टको पनि तीन अङ्क छ। पहिलो खेल सकिदासम्म जर्मनी तीन अङ्कसहित पहिलो स्थानमा छ। समान तीन अङ्क नै भए पनि गोल अन्तरमा पछि पर्दै आइभरीकोष्ट दोस्रो स्थानमा छ।

जर्मनीले सात गोल गरेर मात्र एक गोल खाएको छ भने आइभरीकोष्टले एक गोल गरेर विपक्षीबाट कुनै गोल खाएको छैन।

यो समूह 'इ' को तालिकामा इक्वेडर तेस्रो स्थानमा छ भने कुरासाओ चौथो स्थानमा छ। इक्वेडरले कुनै गोल गर्न नसकेपनि मात्र एक गोल खाएको छ भने कुरासाओले एक गोल गरेर तीन गोल खाएको छ। अब अन्तिम ३२ मा जान जर्मनी र आइभरीकोष्टलाई सहज भएपनि इक्वेडर र कुरासाओको संभावना सकिएको भने छैन। अबका बाकी खेल कुरासाओ र इक्वेडरका लागि अझ महत्वपूर्ण हुनेछ। जित या बराबरीले अर्को खेलसम्म सम्भावनाको प्रशस्तै आधार बन्न सक्छ। हारको नतिजाले भने पहिलो चरणबाटै घर फर्काउने बाटो बन्न सक्छ।

बलियो देखिएको जर्मनीले अब आइभरीकोष्ट र इक्वेडरसँग खेल्न बाँकी छ भने कुरासाओले पनि आइभरीकोष्ट र इक्वेडरसँग खेल्न बाँकी छ। यस्ते आइभरीकोष्टले जर्मनी र कुरासाओसँग तथा इक्वेडरले कुरासाओ र जर्मनीसँग खेल्नेछ। विगतका इतिहास हेर्ने हो भने जर्मनी चारपटक विजेता, चारपटक उपविजेता र चारपटक नै तेस्रो भएको छ। कुनै समय फ्रान्सको एक हिस्सा रहेको आइभरीकोष्ट स्वतन्त्र भएपछि सन् २००६ मा पहिलोपल्ट विश्वकप २००६ मा छनोट भएको थियो। उसले सन् २०१० र २०१४ गरी अहिलेसम्म तीन विश्वकपमा सहभागिता जनाएको छ। इक्वेडरले चौथो विश्वकपमा सहभागिता जनाइरहँदा सन् २००६ मा अन्तिम १६ सम्म पुग्न सकेको थियो। कुरासाओ भने पहिलोपल्ट विश्वकपमा सहभागिता जनाउँदैछ।

**समूह 'एफ'मा स्वीडेन अगाडि, जापान र नेदरल्याण्ड्स पछयाउँदै**

समूह 'एफ' मा स्वीडेन तीन अङ्कसहित पहिलो स्थानमा छ। विश्वकप फुटबलको इतिहासमा तीनपटक फाइनल पुगेर उपविजेतामै चित्त बुझाएको नेदरल्याण्ड्स र एशियाली फुटबलको पावरहाउस जापान एक–एक अङ्कसहित समूहमा दोस्रो स्थानमा छन्। अफ्रिकी देश ट्युनेसिया बिना कुनै अङ्क समूहमा पुछारमा छ। सन् १९३४ को दोस्रो संस्करणको विश्वकपदेखि सहभागी हुँदै आएको स्वीडेनले जारी विश्वकपको आफ्नो पहिलो खेलमा ट्युनेसियालाई पाँच– एक गोल अन्तरले हराएको छ। यो समूह अन्तगत जापान र नेदरल्याण्ड्सले दुई–दुई गोलको बराबरी खेलेका छन्। अन्तिम ३२ मा पुग्न स्वीडेनलाई सहज भएको छ भने जापान र नेदरल्याण्ड्सको पनि सम्भावना बलियो छ। तर ट्युनेसियाले भारी अन्तरले हारेका कारण जीतको विकल्प छैन। जापानले अब स्वीडेन र ट्युनेसियासँग खेल्न बाँकी छ। स्वीडेनले जापानसँगै नेदरल्याण्ड्ससँग पनि भिड्न बाँकी छ।

यसैगरी नेदरल्याण्ड्सले स्वीडेनसँगै ट्युनेसियासँग खेल्न बाँकी छ। समूहको पुछारमा रहेको टोली ट्युनेसियाले जापान र नेदरल्याण्ड्ससँग प्रतिस्पर्धा गर्न बाँकी छ। जित या बराबरीले ट्युनेसियाको अर्को खेलसम्म सम्भावनाको प्रशस्तै आधार बन्न सक्छ। हारको नतिजाले भने पहिलो चरणबाटै घर फर्काउने बाटो बन्न सक्छ। स्वीडेनले बाँकीका खेलमा बराबरी मात्रैले पनि अर्को चरणमा पु¥याउन सक्छ। जापान र नेदरल्याण्ड्सका लागि अबको खेलमा जित हासिल गरे अन्तिम ३२ को यात्रा समूह चरणको अन्तिम खेलअघि नै सहज हुनेछ भने हारले चुनौती थप्नेछ।

स्वीडेन एक पटकको उपविजेता र दुईपटकको विश्वकपमा तेस्रो भएको टोली हो। नेदरल्याण्ड्स तीनपटक उपविजेता र एकपटक तेस्रो भएको टोली हो। जापान विश्वकपमा अन्तिम १६ भन्दा माथि जान सकेको छैन भने ट्युनेसीयाले समूहचरण पार गर्न सकेको छैन।

**समूह 'जी'मा बेल्जियम दबाबमा**

समूह जीमा रहेका सबै चार वटै देशको एक–एक अङ्क छ। न्युजिल्याण्ड, इरान, बेल्जियम र इजिप्टको समान एक–एक अङ्क छ। तैपनि बढी गोल गरेका आधारमा तालिकामा न्युजिल्याण्ड र इरान अगाडि छन्। उनीहरुले दुई–दुई गोल गरेका छन्। पहिलो खेलमा न्युजिल्याण्ड र इरानले दुई–दुई गोलको बराबरी खेलेका थिए। समान एक–एक अङ्क भएपनि एक–एक गोल मात्र गरेका कारण बेल्जियम र इजिप्ट न्युजिल्याण्ड र इरानभन्दा तल छन्। समान गोल अन्तर भए पनि बढी गोल गरेका आधार बेल्जियम र इजिप्ट तल परेका हुन्।

सन् २०१८ को विश्वकपमा तेस्रो स्थान ल्याउन सफल टोली बेल्जियम १५ औँ पटक सहभागिता जनाउने क्रममा दबाबमा छ। अब उसका लागि बाँकी दुबै खेलमा राम्रो नतिजा ल्याउनुपर्नेछ। अरु प्रतिस्पर्धी टिमले पनि नकारात्मक नतिजा ल्याए उ कम दबाबमा रहनेछ तर दोस्रो खेलमा पनि उस्तै बराबरी नतिजा आएको खण्डमा भने अरु देशलाई लक लाग्दै बेल्जियम दुर्भाग्यको शिकार बन्न सक्छ।

पहिलो र दोस्रो विश्वकपमै सहभागी थियो बेल्जियम। दोस्रो विश्वकप पछि एकैपल्ट सन् १९९० को विश्वकप र २०१८ को विश्वकप पछि चौथोपल्ट सहभागी इजिप्टको एक अङ्क छ। फिफा बरियतामा नवौं स्थानमा रहेको बेल्जियनलाई उपाधि दाबेदारको सूचीबाट हटाउन सकिँदैन। इरानका लागि अबका दुई खेल बेल्जियम र इजिप्टसँग हुनेछ। कमब्याक गरेर हारबाट जोगिएको इरानका लागि अन्तिम ३२ मा जान अबका दुई खेलमा एकमा जित र एकमा बराबरी काफी हुनेछ। इजिप्ट र न्युजिल्याण्डका लागि पनि सुखद नतिजा आवश्यक छ।

समूह 'एच'मा स्पेनसँगै सबैको एक–एक अङ्क

उत्तर अमेरिकी महादेशमा जारी विश्वकपमा समूह 'एच' मा रहेका सबै चारवटै देशको एक–एक अङ्क छ। एसियाली राष्ट्र साउदी अरेबिया, एक पटकको विश्वकप विजेता स्पेन, दुई पटकको विजेता उरुग्वे र नवप्रवेशी अफ्रिकी मुलुक केप भेर्डेको समान एक–एक अङ्क छ भने साउदी र उरुग्वेले मात्रै एक–एक गोल गरेका छन्। स्पेन र केपे भेर्डे गोलवीहिन छन्।

अन्तिम ३२ मा जाने टोलीको टुङ्गो लाग्न समूह चरणमा बाँकी रहेका दुई खेल आवश्यक पर्नेछ। तर अब हुने दोस्रो खेलले पनि को को अगाडि बढ्नेछन् , त्यसको एक खाले छनक दिनेछ।

यो समूहको पहिलो खेलमा युरोपको एक अनुभवी एवं विश्व विजेता तथा युरोपियन विजेता भइसकेको स्पेन बराबरीमा रोकेको छ। अब साउदी अरबले स्पेन र केपे भेर्डेसँग खेल्न बाँकी छ भने उरुग्वेले पनि स्पेन र केपे भेर्डेसँग खेल्न बाँकी छ। केपे भेर्डे र स्पेनले साउदी अरब र उरुग्वेसँग खेल्न बाँकी छ।

**समूह 'आई' मा फ्रान्स र नर्वे अगाडि**

समूह चरणको पहिलो खेल सकिदा समूह 'आई'मा दुई पटकको विश्वविजेता फ्रान्स र २८ वर्षपछि विश्वकपमा फर्किएको नर्वेको समान तीन–तीन अङ्क छ। यो समूहको पहिलो खेलमा पराजित सेनेगल र इराकको शून्य अङ्क छ। समूहको पहिलो खेलमा किलियन एम्बाप्पेको दुई गोलको मद्दतमा फ्रान्सले सेनेगललाई तीन–एक ले हराएको छ भने अर्को खेलमा नर्वेले इराकलाई चार–एक गोल अन्तरले पाखा लगाएको छ। तीन अङ्क नै भए पनि नर्वे फ्रान्स भन्दा माथि पहिलो स्थानमा छ। हारेपनि कम गोल खाएका कारण सेनेगल तेस्रो र इराक चौथो स्थानमा छ।

**समूह 'जे' मा अर्जेन्टिना र अष्ट्रिया अगाडि**

समूह चरणको पहिलो खेल सकिँदा समूह 'जे' मा तीन पटकको विश्वविजेता अर्जेन्टिना र अष्ट्रियाले तीन–तीन अङ्क जोडेका छन्। जोर्डन र अल्जेरियाको कुनै अङ्क छैन। अब अन्तिम ३२ मा पुग्न जोर्डन र अल्जेरियालाई अर्को खेलमा जित आवश्यक छ। पहिलो खेलमा जितेका अर्जेन्टिना र अष्ट्रियालाई बराबरी मात्रले पनि अर्को चरणमा पुयाउने छ। यो समूहमा लियोनियल मेसीको किर्तिमानी ह्याट्रिकसँगै अर्जेन्टिनाले अल्जेरियालाई तीन–शून्यले हराएको छ। यो खेलको तीन गोलसँगै मेसीले विश्वकपमा सर्वाधिक गोलकर्ता जर्मनीका मिरोस्लाभ क्लोजको १६ गोल संख्या बराबरी गरेका छन्। यो समूहमा अष्ट्रियाले जोर्डनलाई तीन–एकले हराएको छ।

**समूह 'के' मा पोर्चुगल दबाबमा, कोलम्बिया ढुक्क**

जारी विश्वकपको समूह 'के' मा क्रिस्चियानो रोनाल्डोको टिम पोर्चुगल दबाबमा छ। आफ्नो पहिलो खेलमा डिआर कङ्गोसँग बराबरीमा रोकिएसँगै अब अर्को चरणमा जान बाँकी रहेका खेलमा कम्तिमा एक जित आवश्यक देखीन्छ। यो समूहमा कोलम्बियाले उज्बेकिस्तानलाई तीन–एकले हराएको छ। पहिलो खेल सकिँदासम्म कोलम्बिया तीन अङ्कसहित पहिलो स्थानमा रहँदा पोर्चुगल र कङ्गोको समान एक–एक अङ्क छ भने एसियाली राष्ट्र उज्वेकिस्तान बिना अङ्क पुछारमा छ। कोलम्बियाका लागि बाँकी रहेका खेलमा बराबरी मात्रैले पनि अर्को चरणमा पु¥याउन सक्छ तर उज्वेकिस्तानलाई जीतको विकल्प रहनेछैन।

**समूह 'एल' मा इङ्ल्याण्ड र घाना अगाडि, क्रोयसिया दबाबमा**

विश्वकप फुटबलको समूह 'एल' मा पूर्व विजेता इङ्ल्याण्ड र अफ्रिकी देश घानाले तीन–तीन अङ्क बनाएका छन्। ह्यारी केनको दुई गोलमा इङ्ल्याण्डले क्रोयसियालाई चार–दुई अन्तरले हराउँदा घानाले पानामालाई एक–शून्यले पाखा लगाएको थियो। अर्को चरणमा पुग्न इङ्ल्याण्डका लागि बराबरी पनि पर्याप्त हुन सक्नेछ भने क्रोयसियाका लागी जित आवश्यक छ। यो समूहमा पानामाका लागि जितको विकल्प रहनेछैन। तुलनात्मक रुपमा पानामा अरु देशभन्दा कमजोर देखिन्छ। रासस

# प्रहरी हिरासतमा निधन भएका विश्वकर्मालाई प्रहरीले कुटपिट गरेको छैनः गृहमन्त्री

**काठमाडौँ ।**



सिन्धुलीको प्रहरी हिरासतमा श्रीकृष्ण विकको मृत्यु भएको घटनामा प्रहरीले कुनैपनि किसिमको शारीरिक वा मानसिक यातना दिएको पुष्टि नभएको पाइएको छ । शुक्रवार बसेको राष्ट्रिय सभाको बैठकमा भूवनबहादुर सुनारले राखेको जिज्ञासाको जवाफ दिँदै गृहमन्त्री सुधन गुरुङले यस्तो जानकारी दिएका हुन् ।

गृहमन्त्रीकाअनुसार उक्त घटनाको यथार्थ विवरण पत्ता लगाउन प्रहरी नायब महानिरीक्षक ९डीआईजी० को नेतृत्वमा छानबिन समिति गठन गरिएको थियो । समितिको प्रतिवेदन र पोस्टमार्टम रिपोर्टलाई उद्धृत गर्दै गृहमन्त्रीले विकको मृत्युको कारण आत्महत्या देखिएको स्पष्ट पारे ।

उनले भने 'पोस्टमार्टम रिपोर्टमा मृत्युको कारण आत्महत्यासँग मेल खाने उल्लेख गरिएको छ । साथै, हिरासतमा रहँदा प्रहरीले कुनै पनि किसिमको शारीरिक वा मानसिक यातना दिएको पुष्टि नभएको छानबिन प्रतिवेदनमा जनाइएको छ ।'

छानबिन समितिले दिएका अन्य आवश्यक सुझाव तथा सिफारिसहरू कार्यान्वयनका लागि नेपाल प्रहरी प्रधान कार्यालय र जिल्ला प्रशासन कार्यालय, सिन्धुलीमा पठाइसकिएको मन्त्रालयले जनाएको छ ।

उक्त क्रममा गृहमन्त्रीले जातीय भेदभाव तथा सामाजिक र धार्मिक रूपमा संवेदनशील मुद्दाहरूको प्रभावकारी सम्बोधनका लागि नेपाल प्रहरीभित्र 'दलित सेल' कार्यान्वयनमा ल्याइएको समेत बताए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रजस्तै यो सेलले पीडितमैत्री अनुसन्धान गरी नागरिकमा विश्वास जगाउने उनको भनाइ थियो ।

सांसदले उठाएका प्रश्नप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको बताउँदै गृहमन्त्रीले यस प्रकरणलाई अझ गहिरो गरी अध्ययन गरिने र प्राप्त हुने थप जानकारीबारे पुनः सदनलाई अवगत गराइने प्रतिबद्धता व्यक्त गरे ।रासस

# चलचित्र क्षेत्रले अध्ययन, अनुसन्धान र सृजनात्मक पक्षलाई छाड्न हुन्नः राष्ट्रपति

**काठमाडौं ।**

राष्ट्रपति रामचन्द्र पौडेलले प्रविधिसँग परिचित हुँदै अध्ययन, अनुसन्धान र सृजनात्मक पक्षलाई चलचित्र क्षेत्रले छाड्न नहुने बताएका छन् । चलचित्र विकास बोर्डद्वारा आयोजित राष्ट्रिय एवम् विशेष चलचित्र पुरस्कार तथा दीर्घ साधना सम्मान कार्यक्रममा उहाँले नेपाली चलचित्र उद्योगले नेपालको अर्थतन्त्रको विकासमासमेत योगदान पु¥याउन सक्ने भन्दै सबैले त्यसतर्फ सोच्नुपर्ने बताए ।



राष्ट्रपति पौडेलले हाम्रो गाउँठाउँ, पाखापखेरा र कुनाकन्दराका कथाव्यथालाई सुक्ष्म ढङ्गले पर्दामा प्रस्तुत गर्न सके अन्तरराष्ट्रिय चलचित्र महोत्सव र विश्व बजारमा नेपालको विशिष्ट पहिचान स्थापित गर्न सकिने बताए ।

उनले चलचित्र केवल मनोरञ्जनको माध्यम मात्र नभएर नागरिकमा जागरण, रुपान्तरण, चेतना, राष्ट्रप्रेमको भावना जगाउने र हाम्रो मौलिक भाषा, संस्कृति र परम्पराको जगेर्ना गर्ने माध्यम भएको बताए । उनले हिमाल–पहाड–तराईको प्रकृति र सामाजिक जीवनलाई चलचित्रले देशभित्र मात्र होइन, विश्व मञ्चसम्म चिनाउन सक्ने भएकाले यो हाम्रो साझा पहिचान निर्माणको आधार पनि भएको स्पष्ट पारे ।

राष्ट्रपति पौडेलले अहिलेको बदलिँदो परिवेशअनुरुपको नीति, कानुन, सुविधा र सहुलियतसहित संस्थागत सुधार गरी चलचित्र उद्योगलाई नयाँ उचाइँ दिन कुनै कसर बाँकी राख्न नहुनेमा जोड दिए । यसका लागि कलाकार मात्र नभएर चलचित्र उद्योगसँग सम्बन्धित सबै सरोकारवालाहरूको योगदानको उचित कदर गर्नुपर्दछ र यही क्षेत्रमा आत्मसम्मानसहित आफ्नो भविष्य सुरक्षित छ भन्ने महसुस गराउन सक्नुपर्नेमा उनले जोड दिए ।

राष्ट्रपति पौडेलले भने, डिजिटल प्रविधिले चलचित्र निर्माणदेखि वितरणसम्मका काममा सहजता पनि ल्याएको छ । यसको प्रयोग गर्दा हाम्रो मौलिक कथा, मानवीय सृजनशीलता, सांस्कृतिक पहिचान र सर्जकको बौद्धिक अधिकार जोगाउनुपर्दछ भन्नेमा सचेत रहनुपर्दछ ।

राष्ट्रपति पौडेलले चलचित्रका पर्दामा महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति तथा विभिन्न भूगोल र समुदायका कथाहरू सम्मानजनक, संवेदनशील र यथार्थपरक रूपमा अटाऊन् भन्ने आफ्नो अपेक्षा रहेको स्पष्ट पारे । सो अवसरमा दीर्घ साधना सम्मानबाट वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठलाई सम्मान गरिएको थियो ।

**चलचित्र समाजको सामूहिक स्मृति र सांस्कृतिक पहिचान हो ः सञ्चारमन्त्री**

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले चलचित्र क्षेत्र मनोरञ्जनको माध्यम मात्र नभई समाजको सामूहिक स्मृति, सांस्कृतिक पहिचानको अभिव्यक्ति भएको बताएका छन् ।

शुक्रबार राष्ट्रपति भवन शीतलनिवासमा आयोजित 'राष्ट्रिय चलचित्र पुरस्कार तथा सम्मान समारोह, २०८३' मा उनले कुनै राष्ट्रलाई बुझ्न इतिहास अध्ययन मात्र पर्याप्त नहुने उल्लेख गर्दै त्यस देशका चलचित्र, संस्कृति र सामाजिक जीवनका विविध आयामलाई पनि हेर्नुपर्ने धारणा व्यक्त गरे ।

चलचित्रले सम्बन्धित राष्ट्रको आत्मालाई अभिव्यक्त गरिरहेको हुन्छ, समाजको मनोविज्ञानलाई उजागर गरिरहेको हुन्छ र भविष्यको एउटा सम्भावित कल्पना पनि गरिरहेको हुन्छ,सञ्चारमन्त्री तिमिल्सिनाले भने ।

उनले कलाकारहरू समाजकै सदस्य भए पनि सामान्य मानिसभन्दा बढी संवेदनशील दृष्टि भएका व्यक्तित्व भएको उल्लेख गर्दै कला र सिर्जनाले विभाजित समाजलाई मानवीय सम्बन्ध, सहअस्तित्व र संवेदनाको पाठ सिकाउने बताए ।

कलाकारलाई सम्मान गर्नु भनेको व्यक्तिलाई मात्र नभई समाजको सिर्जनशील चेतना र आफ्नै सांस्कृतिक अस्तित्वलाई सम्मान गर्नु उनको भनाइ थियो । जीवनभर चलचित्र क्षेत्रमा योगदान पुर्याएका व्यक्तित्वलाई सम्मान गर्दा आफूहरुले कलाकारलाई नभई आफ्नै समाज र संस्कृतिलाई सम्मान गरेको अनुभूति भएको उनले बताए ।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले कठिन परिस्थितिका बाबजुद नेपाली चलचित्र उद्योगले निरन्तर प्रगति गरिरहेको उल्लेख गरे । पुराना पुस्ताका चलचित्रकर्मीको अथक परिश्रमकै कारण नेपाली चलचित्र आजको अवस्थामा आइपुगेको उहाँले स्मरण गर्नुभयो । उहाँले नेपाली चलचित्र क्षेत्रको अपेक्षाअनुसार समयसापेक्ष र व्यावहारिक चलचित्र ऐन ल्याउन सरकार प्रतिबद्ध रहेको पनि उनले स्पष्ट पारे ।

नयाँ चलचित्र ऐन समयसापेक्ष, व्यावहारिक र चलचित्र क्षेत्रको वास्तविक आवश्यकतालाई सम्बोधन गर्ने खालको हुनुपर्छ । चलचित्र क्षेत्रले अपेक्षा गरेअनुसारको ऐन निर्माण गर्न सरकार प्रतिबद्ध छ, र म आज पुनः यही प्रतिबद्धता दोहोर्याउन चाहन्छु,उनले भने ।

चलचित्र क्षेत्रका समस्या, चुनौती र अपेक्षाप्रति सरकार संवेदनशील रहेको बताउँदै सञ्चारमन्त्री तिमिल्सिनाले चलचित्रकर्मीहरूसँग निरन्तर संवाद र छलफल गर्दै ती विषयहरूको समाधानका लागि आवश्यक कदम चाल्न सरकार तयार रहेको उल्लेख गरे ।

सरकारको काम सिर्जनशील क्षेत्रलाई निर्देशन दिने वा नियन्त्रण गर्ने होइन, बरु त्यसको विकास र प्रववद्र्धनका लागि अनुकूल वातावरण निर्माण गर्नु हो, उनले भने, त्यो वातावरण ऐनमार्फत होस्, अन्य नीतिगत व्यवस्थामार्फत होस् वा सहजीकरणका विभिन्न संयन्त्रमार्फत होस्, सरकार त्यसका लागि पूर्ण रूपमा तत्पर छ ।रासस

# संस्कृति र प्रकृतिको प्रवर्द्धनमा कलाकार लाग्नुपर्छ : मन्त्री पौडेल



**काठमाडौँ ।**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेलले नेपाली कला र संस्कृतिको संरक्षण तथा प्रवद्र्धनमा सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको बताएका छन् । शुक्रबार संस्कृति संस्थानको ५४औँ वार्षिकोत्सव समारोहमा उनले नेपाली कला, संस्कृति र परम्पराले नेपाललाई विश्वमाझ चिनाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरे ।

मन्त्री पौडेलले भने, कला र संस्कृतिको हिसाबले नेपाल विश्वमै धनी राष्ट्र हो । संस्कृति, प्रकृति र विकृतिका विषयमा कलाकारहरू पनि उत्तिकै सचेत हुन आवश्यक छ ।

संस्कृति संस्थानका महाप्रबन्धक किरणबाबु पुनले संस्थानले विगतदेखि नै नेपाली कला, साहित्य र संस्कृतिको संरक्षणका क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्दै आएको जानकारी दिए । उनले भने, नेपाली कला र साहित्यको संरक्षणमा हामी निरन्तर क्रियाशील छौँ । यस अभियानमा सबैको साथ र सहयोग आवश्यक छ ।

सो अवसरमा नेपाली कला, साहित्य तथा लोकसङ्गीतको संरक्षण र प्रवद्र्धनमा योगदान पुर्याउने लोकदोहोरी गायकद्वय पुरुषोत्तम न्यौपाने, रामप्रसाद खनालगायतलाई सम्मान गरिएको थियो ।

सांस्कृतिक संस्थानको वार्षिकोत्सव अवसरमा राष्ट्रिय दोहोरी गीत प्रतियोगिता–२०८३' आयोजना गरिएको थियो । उक्त प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय हुने सहभागी टिमलाई पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।रासस

# विभिन्न मितिमा भएका मन्त्रिपरिषद्का निर्णय सार्वजनिक

**काठमाडौं ।**

सरकारले विभिन्न मितिका मन्त्रिपरिषद् बैठकबाट भएका १५० निर्णयहरू सार्वजनिक गरेको छ । सरकारका प्रवक्ता तथा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शुक्रबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमार्फत वैशाख र जेठ महिनामा बैठकका निर्णय सार्वजनिक गरेका हुन् ।

मन्त्री पोखरेलका अनुसार सरकारले जेठ २९ गते राष्ट्रिय परिचय व्यवस्थापन प्रणाली (एबिआइएस) को लाइसेन्स क्षमता विस्तार गर्न स्वीकृति दिएको थियो । त्यस्तै, मध्य भोटेकोसी जलविद्युत आयोजनालाई वन क्षेत्रको जग्गा प्रयोग गरेबापत सट्टाभर्ना जग्गा उपलब्ध गराउने अवधि थप गर्न पनि स्वीकृति प्रदान गरिएको छ ।

यसअघि जेठ २६ गतेको बैठकले १६ वटा विभिन्न निर्णय गरेको थियो । तीमध्ये नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिससम्बन्धी मापदण्ड, २०८३ स्वीकृत गरिएको छ । साथै, नेपाल पर्यटन, होटेल तथा पर्वतीय प्रतिष्ठानसम्बन्धी विधेयक तर्जुमाका लागि सिद्धान्त स्वीकृत गरिएको छ । मानव शरीर जलन नियन्त्रण तथा सजाय सम्बन्धी विधेयक तर्जुमाका लागि समेत सिद्धान्त स्वीकृति प्रदान गरिएको मन्त्री पोखरेलले जानकारी दिए ।

साथै जेठ १९ गतेको बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि गृहमन्त्रालयका सचिवको संयोजकत्वमा सिफारिस समिति गठन गर्ने निर्णय गरेको छ । साथै, आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने आदेश जारी गर्ने निर्णय पनि गरिएको छ ।

त्यसै गरी, जेठ ५ गतेको बैठकले निजामती कर्मचारी कल्याणकारी कोष (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गरेको थियो । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत ९७७ पद स्वीकृत गर्नुका साथै भूमि सम्बन्धी (एक्काइसौँ संशोधन) नियमहरू, २०८३ तथा बालबालिका सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८३ पनि स्वीकृत गरिएको थियो । रासस

# विभिन्न अध्यादेश सम्बन्धी प्रस्ताव राष्ट्रियसभाबाट स्वीकृत

**काठमाडौं ।**

राष्ट्रियसभाको बैठकले विभिन्न अध्यादेशसम्बन्धी प्रस्ताव स्वीकृत गरेको छ । बैठकमा सांसद सम्झना देवकोटाले 'सहकारी (पहिलो संशोधन) अध्यादेश २०८३ लाई अस्वीकार गरियोस्' भनी राखेको प्रस्तावलाई बहुमतले अस्वीकृत गरेको थियो । त्यसपछि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले 'सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ लाई स्वीकृत गरियोस्' भनी गरेको प्रस्तावलाई बैठकले बहुमतले स्वीकृत गरेको थियो ।



सांसद मिनासिंह रखालले 'स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ लाई अस्वीकार गरियोस्' भनी राखेको प्रस्तावलाई बैठकले बहुमतले अस्वीकृत गरेको थियो ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले, 'स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ लाई स्वीकृत गरियोस्' भनी प्रस्तुत गरेको प्रस्तावलाई बैठकले बहुमतले स्वीकृत गरेको थियो ।

सांसद रञ्जित कर्णले राखेको 'सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ लाई अस्वीकार गरियोस्' भन्ने प्रस्तावलाई बैठकले बहुमतले अस्वीकृत गरेको थियो । प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले 'सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ लाई स्वीकृत गरियोस्' भनी राखेको प्रस्तावलाई बैठकले बहुमतले स्वीकृत गरेको थियो ।

सांसद रोशनी मेचेले 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ लाई अस्वीकार गरियोस्' भनी राखेको प्रस्तावलाई बैठकले बहुमतले अस्वीकृत गरेको थियो । त्यसपछि अर्थमन्त्री डा स्वर्णिम वाग्लेले 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३' लाई स्वीकृत गरियोस् भनी गर्नुभएको प्रस्तावलाई बहुमतले स्वीकृत गरेको थियो ।

बैठकमा प्रधानमन्त्री शाहको तर्फबाट कानुनमन्त्री गौतमले थारु आयोगको २०८१÷८२ को वार्षिक प्रतिवदेन पेस गरेकी थिइन् । राष्ट्रियसभाको अर्को बैठक यही असार ११ गते दिउँसो १ः१५ बजे बस्नेछ ।रासस

# कृषिमन्त्रीको पहलमा अनुदानबारे छानबिन हुने

**काठमाडौँ ।**




कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले एक दशकसम्म प्रवाह भएको कृषि तथा पशुपन्छी अनुदानको छानबिन गर्न पाँच सदस्यीय कार्यदल गठन गरेका छन । मन्त्री चौधरीले आर्थिक वर्ष २०७२÷७३ देखि हालसम्म प्रवाह भएको कृषि तथा पशुपन्छी अनुदानको छानबिन गर्न पाँच सदस्यीय कार्यदल गठन गरेको हो ।

सहसचिव बद्रीप्रसाद दाहालको संयोजकत्वमा गठित कार्यदललाई ६ महिनाभित्र विस्तृत प्रतिवेदन मन्त्रालयसमक्ष पेस गर्ने समयसीमा दिइएको छ ।

कार्यदलले पुराना प्रतिवेदनको पुनरावलोकन गर्दै अनुदान दुरुपयोगको अवस्था लेखाजोखा गरी सुधारका लागि उपयुक्त कदम चाल्न सिफारिस गरेको छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा करिब २५ प्रतिशत योगदान रहेको कृषि र पशुपन्छी क्षेत्रमा सरकारले कृषि उत्पादन वृद्धि तथा व्यावसायिक कृषिका लागि बर्सेनि विभिन्न अनुदान कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

विगत वर्षहरूमा अनुदान रकम वास्तविक तथा सीमान्तकृत किसानसम्म पुग्न नसकेको र अनुगमन कमजोर भएको भन्दै प्रभावकारितामाथि आरोप लाग्दै आएको छ । कार्यदलको कार्यादेश (टीओआर) मा पुराना प्रतिवेदनसमेत पुनरावलोकन गरी अनुदान दुरुपयोग भएको भुक्तानको पहिचान गर्ने विषय समावेश गरिएको छ ।

प्रभावकारी देखिएका प्रणालीका हकमा असल अभ्यासको उदाहरणसहित 'ग्याप एनालाइसिस' गरी आवश्यक सिफारिस गर्ने र अनुदान दुरुपयोग अवस्था लेखाजोखा गरी सुधारका लागि उपयुक्त कदम चाल्न सिफारिस गर्ने कार्यादेश कार्यदललाई दिइएको छ ।

कार्यदलले कम्तीमा एक महिनामा दुई पटक वा आवश्यकता अनुसार त्यसभन्दा बढी पटक मन्त्रालयका सचिवसमक्ष आफ्नो प्रगति विवरण अनिवार्य पेस गर्नुपर्ने छ । रासस

# गन्धर्व समुदायका महिला तरकारी खेतीमा



**दाङ ।**
दाङका वादी तथा गन्धर्व महिला तरकारीखेतीबाट आत्मनिर्भर बन्न थालेका छन् । उनीहरूले गरे के हुँदैन भन्ने उदाहरण गन्धर्व समुदायलाई सिकाएका छन् । अर्काकोमा मजदुरीमा सीमित यहाँका वादी तथा गन्धर्व महिलाले आफ्नै किसानी काम गरेपछि हाताभरि पैसा थाप्न सकिन्छ भन्ने उदाहरण अन्य दिदीबहिनीलाई सिकाएका हुन् ।

यसको पछिल्लो उदाहरण यहाँका महिलाले गरेको तरकारीखेतीले पुष्टि गरेको छ । उनीहरूले यतिखेर काक्रा, टमाटर, प्याज, भान्टा, भिन्डी, धनियालगायतको तरकारीखेती गरेका छन् । तरकारी बिक्रीबाट आम्दानी बटुल्न थालेपछि मजदुरी होइन, उद्यमी बन्दा प्राप्त हुने प्रतिफलले जीवनमा सकारात्मक परिवर्तन आउँदोरहेछ भन्ने अनुभूति भएको बबई गाउँपालिकाकी शारदा गन्धर्वले बताइन् । इन्द्रेणी कृषि समूह गठन गरी तरकारीखेतीको सुरुआत गरेका बबईका महिलाले विगत चार वर्षदेखि इन्टिग्रेटेट पेष्ट मेनेजमेन्ट (आइपिएम) प्रविधिबाट तरकारीखेती गर्न थालेका हुन् । अहिले शारदासँगै त्यहाँका अतिविपन्न १० जना महिला उनीसँगै तरकारीखेतीमा व्यस्त छन् ।

शारदा गन्धर्वले भनिन्, सरकारले घर बनाइदियो । तर, गरिखाने अवस्था भएन । सुरुमा अर्काको जग्गा भाडामा लिएर तरकारीखेती गरेँ । आम्दानी भयो, त्यो देखेर अरु १० दिदीबहिनी पनि मसँगै तरकारीखेती गर्न आएँ । अहिले १० जना गन्धर्व महिलाले स्थानीयको दुई बिघा जग्गा मासिक रु ३० हजार भाडामा लिएर मौसमी र बेमौसमी तरकारीखेती गर्दै आएका छन् । उनीहरूले उत्पादन गरेका तरकारी केही बारीबाट केही हापुरे तथा तुलसीपुर बजारमा बिक्री गर्दै आएका छन् ।

त्यसैगरी, सोही ठाउँमा तरकारीखेती गरेकी ४५ वर्षीया वसन्ती गन्धर्वले तरकारीखेतीले मेरो जीवनमा नयाँ परिवर्तन ल्याएको बताइन् । उनले भनिन्, यसअघि हाम्रो घरबास त थियो, तर दैनिक रूपमा जीवन चलाउनका लागि कुनै माध्यम थिएन । तरकारीखेतीले जीवन सहज भएको छ । यहाँ गरेको तरकारीखेती अवलोकन गर्न विभिन्न सङ्घसंस्था तथा सरकारी निकायका प्रतिनिधि आउने गरेको पनि उनले बताइन् । समाजमा अतिविपन्न तथा पछिडिएका महिलाले उत्पादनमा देखाएको उत्साहले अरुलाई थप प्रेरण मिलेको यहाँका उद्यमीहरूले बताउँदै आएका छन् । रासस

# सीप सिकेर आत्मनिर्भर बन्दै म्याग्देका महिला

**तनहुँ ।**
जिल्लाको म्याग्दे गाउँपालिका–४ मनहरीमा आयोजित तालिममा कोही महिला कागज काटिरहेका छन्, कसैले धूप बनाउन आवश्यक सामग्री मिसाइरहेका छन् भने केही महिला अचारको मसला तयार पार्न व्यस्त छन् । घरायसी कामकाजमा मात्रै सीमित देखिने महिला नयाँ सीप सिक्दै उद्यमी बन्ने सपना बनाइरहेका छन् ।

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत म्याग्दे गाउँपालिकाले सञ्चालन गरेको सीपमूलक उद्यम विकास तालिमले मनहरीका महिलामा आत्मविश्वास र आशाको नयाँ सञ्चार गरेको हो । म्याग्दे–४ को सहजीकरणमा सञ्चालित तालिममा ३५ जना महिला सहभागी छन् । तालिममा सहभागीले आफ्नो भविष्यको आर्थिक आधार निर्माण गर्दै आत्मनिर्भर बन्ने तयारीमा जुटिरहेका छन् ।

महिलालाई आत्मनिर्भर बनाउन स्थानीय स्रोतसाधनको उपयोग गरेर आयआर्जन गर्न सकिने सीप सिकाउन थालिएको म्याग्दे गाउँपालिकाका आर्थिक विकास शाखा प्रमुख प्रदीप न्यौपानेले बताएका छन् । उनका अनुसार नेपाली कागजबाट पूजाआजामा प्रयोग हुने सुगन्धित धूप, विभिन्न प्रकारका बत्ती तथा हस्तकलाजन्य सामग्री उत्पादन गर्ने विधि सिकाइएको छ ।

त्यस्तै स्थानीयस्तरमा उपलब्ध हुने कृषि उत्पादन प्रयोग गरेर विभिन्न प्रकारका अचार बनाउने सीपसमेत प्रदान गरिएको उनले जानकारी दिएका छन् । तालिमस्थलमा सहभागी महिलाले करेला, आँप, कागती, खुर्सानीलगायत शाकाहारी अचार तयार गरिरहेका छन् । साथै मांसाहारीमा कुखुराको मासु, भैँसी तथा बँदेलको मासुको अचार बनाउने विधि सिक्दै उत्पादनलाई व्यावसायिक रूपमा कसरी बजारमा लैजान सकिन्छ भन्ने विषयमा जानकारी हासिल गरिरहेका न्यौपानेले बताए ।

आर्थिक विकास शाखा प्रमुख न्यौपानेले महिलालाई केबल सीप सिकाउने मात्र नभई उहाँहरूलाई उद्यमीका रूपमा स्थापित गराउनु मुख्य उद्देश्य रहेको उल्लेख गरेका छन् । हामीले महिलाले सिकेको सीपलाई व्यवसायमा रूपान्तरण गर्न सकुन् भन्ने लक्ष्य राखेका छौँ, उनले भने, स्थानीय स्रोत र सीपको प्रयोग गरेर महिलाले आफ्नै गाउँमा बसेर आयआर्जन गर्नसक्ने वातावरण निर्माण गर्नु कार्यक्रमको मुख्य उद्देश्य हो । तालिमले उहाँहरूलाई



सिर्जनशील र नवप्रवर्तनात्मक सोचतर्फ प्रेरित गरेको छ ।

तालिमकी प्रमुख प्रशिक्षक पवित्रा लामिछानेले महिलाको सिकाइप्रतिको उत्साह निकै प्रेरणादायी रहेको बताएकी छिन् । सहभागीहरू नयाँ कुरा सिक्न अत्यन्त उत्साहित छन । उनले उत्पादन बनाउने मात्र होइन, कसरी बजारमा बिक्री गर्ने, ग्राहकको आवश्यकता बुझ्ने र व्यवसायलाई दिगो बनाउने भन्ने विषयमा पनि चासो देखाएको छ, उनले भने ।

तालिममा सहभागी सरस्वती श्रेष्ठले तालिम सीप सिक्ने अवसर मात्र नभएर जीवनमा नयाँ सम्भावना खोज्ने माध्यम पनि बनेको बताएकी छिन् । हामीले यसअघि झोल साबुन उत्पादन गरेर सानो व्यवसाय गरिरहेका थियौँ, उनले भने, अब धूप, बत्ती र विभिन्न अचार उत्पादन गरेर बजारमा लैजाने योजना बनाएका छौँ । म्याग्दे–४ का वडाध्यक्ष दीपककुमार श्रेष्ठले महिलाको माग र आवश्यकतालाई ध्यानमा राखेर गाउँपालिकासँग समन्वय गरी तालिम सञ्चालन गरिएको जानकारी दिए ।

'महिलामा क्षमता छ, आवश्यक अवसर र सीप दिनुपर्छ, यसले आत्मनिर्भर बनाउँछ भन्ने लागेर सीप सिकाउन लागेका हौँ, उनले भने, यो तालिमले उहाँहरूलाई आत्मनिर्भर बन्ने बाटो देखाएको छ ।

अब सिकेको ज्ञानलाई व्यवसायमा रूपान्तरण गर्ने जिम्मेवारी उहाँहरूकै हो ।' तालिमको सफलताका लागि बजारीकरण पक्षलाई पनि प्राथमिकता दिइएको छ । गाउँपालिकाले पोखरास्थित साइनो किचन कर्नरसँग सहकार्य थालेको छ । उक्त संस्थाले आवश्यक कच्चा पदार्थ उपलब्ध गराउने तथा तालिमबाट उत्पादित सामग्रीको बजार व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । रासस

# फिफा विश्वकपः इरानको उजुरी तयारी

**मेक्सिको ।**
उत्तर अमेरिका विश्वकपका क्रममा आफ्नो राष्ट्रिय टोलीमाथि यात्रा प्रतिबन्ध लगाइएको भन्दै इरानको फुटबल महासङ्घले अन्तर्राष्ट्रिय फुटबल महासङ्घ (फिफा) मा औपचारिक उजुरी दर्ता गर्ने घोषणा गरेको छ । प्रतियोगिताअन्तर्गत संयुक्त राज्य अमेरिका जाने अनुमति अस्वीकार गरिएको भन्दै इरानले आयोजक व्यवस्थामाथि आपत्ति जनाएको हो ।

इरानले आइतबार लस एन्जलसमा बेल्जियमविरुद्ध हुने समूह चरणको खेलअघि मेक्सिकोको तिजुआनास्थित आफ्नो प्रशिक्षण शिविरबाट दुई दिनअघि नै अमेरिकातर्फ जान अनुमति मागेको थियो । तर महासङ्घका अनुसार उक्त अनुरोध अस्वीकार गरिएको छ । इरानी फुटबल महासङ्घका प्रवक्ताले प्रतियोगिताका लागि आवश्यक तयारी समय पहिल्यै बुझाइसकिएको भए पनि आयोजक पक्षले फेरि यात्रा प्रतिबन्ध लगाएर प्राविधिक तयारी प्रभावित पारेको बताए । उनका अनुसार टोलीले खेलअघि लस एन्जलस पुगेर वातावरणसँग अनुकूलन गर्न, अन्तिम अभ्यास पूरा गर्न र रणनीतिक तयारी



टुङ्ग्याउन चाहेको थियो ।

प्रवक्ताले खेल स्थानीय समयअनुसार दिउँसो १२ बजे सुरु हुने भएकाले टोलीलाई दुई दिनअघि नै स्थानमा पुग्ने अनुमति मागिएको तर उक्त अनुरोध अस्वीकार गरिएको बताए । उनका अनुसार महासङ्घले यस निर्णयप्रति असन्तुष्टि जनाउँदै फिफामा औपचारिक उजुरी गर्ने प्रक्रिया अघि बढाउनेछ । इरानले यसअघि पनि प्रतियोगिताको पहिलो खेलपछि लस एन्जलसबाट तत्काल बाहिरिन बाध्य हुनुपरेको भन्दै असन्तुष्टि जनाएको थियो । न्युजिल्यान्डसँग २–२ को बराबरीपछि टोलीको बसाइ व्यवस्थापनमा कठिनाइ भएको इरानी पक्षको दाबी छ ।

उता, अमेरिकी प्रशासनले इरानको आरोपलाई अस्वीकार गरेको छ । ह्वाइट हाउस फिफा टास्क फोर्सका कार्यकारी निर्देशक एन्ड्र्यु जुलियानीले इरानी टोलीलाई खेलअघि एक दिन मात्र अमेरिका प्रवेश अनुमति दिइएको र खेल सकिएको दिन नै प्रस्थान गर्नुपर्ने व्यवस्था गरिएको स्पष्ट पारेका छन् । उनका अनुसार यही प्रक्रिया लस एन्जलसमा हुने खेल र सियाटलमा इजिप्टविरुद्ध हुने अन्तिम समूह खेलमा पनि लागू हुनेछ । मध्यपूर्वमा जारी युद्धका कारण इरानको विश्वकप तयारीमा पहिले नै चुनौती देखिएको थियो । प्रतियोगिता सुरु हुनुअघि नै इरानले आफ्नो प्रशिक्षण शिविर एरिजोनाको टक्सनबाट मेक्सिकोको सीमावर्ती सहर तिजुआनामा सार्नुपरेको थियो । साथै, टोलीका १५ जना अधिकारीलाई अमेरिकी भिसा अस्वीकृत गरिएको पनि इरानी पक्षले जनाएको छ । रासस

# पूर्व रक्षामन्त्रीलाई तीन वर्ष जेल सजाय

**सियोल ।**
दक्षिण कोरियाको अदालतले पूर्वराष्ट्रपति युन सुक योलद्वारा सन् २०२४ मा लागू गरिएको विवादास्पद मार्सल लसँग सम्बन्धित मुद्दामा पूर्वरक्षामन्त्री किम योङ–ह्युनलाई तीन वर्षको जेल सजाय सुनाएको छ । अदालतले गोप्य सैन्य जानकारी अनुचित रूपमा सार्वजनिक गरेको अभियोगमा उनलाई दोषी ठहर गरेको हो ।

सियोल सेन्ट्रल डिस्ट्रिक्ट अदालतका अनुसार किमले पूर्वराष्ट्रपति युनले उठाउँदै आएको अप्रमाणित चुनावी धाँधलीसम्बन्धी दाबीको अनुसन्धान गर्न गठन गरिने विशेष टोलीसँग सम्बन्धित संवेदनशील सैन्य जानकारी एक सर्वसाधारण व्यक्तिलाई उपलब्ध गराएको ठहर गरिएको छ । अभियोजन पक्षले यसलाई राष्ट्रिय सुरक्षासम्बन्धी नियमको गम्भीर उल्लङ्घन मानेको थियो ।

अदालतले सुनुवाइका क्रममा किमको कार्यले कानूनी आधार कमजोर भए पनि मार्सल ल घोषणा गर्ने वातावरण तयार पार्न महत्त्वपूर्ण भूमिका खेलेको निष्कर्ष निकालेको छ । न्यायाधीशहरूको प्यानलले उक्त गतिविधिलाई मार्सल ल कार्यान्वयनतर्फ उन्मुख गर्ने प्रमुख कारकमध्ये एक मानेर तीन वर्षको कारावास सजाय सुनाएको हो । यसअघि अभियोजनकर्ताहरूले उनलाई पाँच वर्ष जेल सजाय हुनुपर्ने माग गरेका थिए ।

पूर्वराष्ट्रपति युन सुक योलले डिसेम्बर २०२४ मा चुनावी अनियमितताको आरोपलाई आधार बनाउँदै मार्सल ल घोषणा गरेका थिए । तर संसद् सदस्यहरू आपत्कालीन बैठकका लागि राष्ट्रिय सभामा पुगेपछि गरिएको मतदानबाट उक्त निर्णय करिब ६ घण्टामै निष्क्रिय बनाइएको थियो । त्यस घटनाले देशलाई गम्भीर राजनीतिक सङ्कटमा धकेलेको थियो ।

मार्सल ल घोषणापछि देशभर विरोध प्रदर्शन चर्किएको थियो, वित्तीय बजारमा गिरावट आएको थियो र दक्षिण कोरियाका प्रमुख साझेदार राष्ट्रहरू समेत आश्चर्यमा परेका थिए । विशेष गरी संयुक्त राज्य अमेरिकासहितका सहयोगी मुलुकहरूले घटनाप्रति चिन्ता व्यक्त गरेका थिए ।

उक्त घटनापछि पूर्वराष्ट्रपति युनमाथि विद्रोहको नेतृत्व गरेको अभियोग लगाइएको थियो । हाल उनी दोषी ठहर भइसकेको अवस्थामा आजीवन कारावासको सजायविरुद्ध अपिल प्रक्रियामा रहँदा हिरासतमा छन् ।

किम योङ–ह्युनमाथि भने मार्सल लसँग सम्बन्धित अर्को छुट्टै मुद्दामा यस वर्षको सुरुआतमै ३० वर्षको जेल सजाय सुनाइएको थियो । पछिल्लो फैसला उहाँविरुद्धको अर्को कानूनी कारबाहीअन्तर्गत आएको हो ।

दक्षिण कोरियाको हालैको राजनीतिक इतिहासमा सबैभन्दा विवादास्पद मानिएको मार्सल ल प्रकरणसँग सम्बन्धित मुद्दाहरू अझै अदालतमा विचाराधीन छन् । पछिल्ला फैसलाहरूले त्यस घटनामा संलग्न उच्च राजनीतिक तथा सुरक्षा अधिकारीहरूमाथि न्यायिक निगरानी अझ कडा बन्दै गएको सङ्केत गरेका छन् । रासस

# बर्नह्यामको जितले स्टारमरमाथि दबाब

**बेलायत ।**
बेलायतको सत्तारूढ लेबर पार्टीभित्र नेतृत्व परिवर्तनको बहस चर्किरहेका बेला अनुभवी राजनीतिज्ञ एन्डी बर्नह्यामले महत्वपूर्ण उपनिर्वाचन जित्दै संसद्मा पुनरागमन गर्नुभएको छ । उनको जितलाई सङ्कटमा परेका प्रधानमन्त्री किर स्टार्मरमाथि थप राजनीतिक दबाब सिर्जना गर्ने घटनाका रूपमा हेरिएको छ ।

सन् २०१७ देखि ग्रेटर म्यानचेस्टरका मेयर रहँदै आएका ५६ वर्षीय बर्नह्यामले उत्तरपश्चिम इङ्ग्ल्यान्डको मेकरफिल्ड निर्वाचन क्षेत्रमा दक्षिणपन्थी रिफर्म युकेका उम्मेदवार रोबर्ट केन्यनलाई सहज रूपमा पराजित गरे । उनले करिब ५५ प्रतिशत मत प्राप्त गर्दै नौ हजारभन्दा बढी मतान्तरले विजय हासिल गरेका हुन् । ऐतिहासिक रूपमा उच्च मानिएको ५९ प्रतिशत मतदान भएको उक्त निर्वाचनलाई लेबर पार्टीको भावी नेतृत्वसँग जोडेर हेरिएको थियो ।

विजयपछि बर्नह्यामले आफ्नो पार्टीलाई परिवर्तनको अन्तिम अवसर रहेको सन्देश दिँदै अब सही निर्णय लिनुपर्ने बताए । उनले आफ्नो जित देशको राजनीतिक दिशाका लागि निर्णायक मोड बन्न सक्ने धारणा पनि व्यक्त गरे । जुलाई २०२४ देखि प्रधानमन्त्री रहेका किर स्टार्मर हाल पार्टीभित्र र बाहिर दुवैतर्फबाट बढ्दो दबाबमा छन् । गत महिना इङ्ग्ल्यान्ड, स्कटल्याण्ड र वेल्समा सम्पन्न निर्वाचनमा लेबरले निराशाजनक नतिजा बेहोरेपछि उनको नेतृत्वमाथि प्रश्न उठ्न थालेका हुन् । विभिन्न नीतिगत यु–टर्न, विवाद तथा वरिष्ठ नेताहरूको असन्तुष्टिले उनको राजनीतिक हैसियत थप कमजोर बनाएको विश्लेषण गरिँदै आएको छ ।

दर्जनौँ लेबर सांसदहरूले स्टार्मरलाई पद छोड्न आग्रह गरिसकेका छन् भने केही मन्त्रीहरूले राजीनामा दिएका छन् । यद्यपि स्टार्मरले आफू पद नछोड्ने स्पष्ट गर्दै आमनिर्वाचनमा प्राप्त जनादेशअनुसार पूरा कार्यकाल शासन गर्ने अडान कायम राखेको छ ।

मेकरफिल्ड उपनिर्वाचनलाई सामान्य



निर्वाचनभन्दा बढी महत्वका साथ हेरिएको थियो । सत्तारूढ दलभित्र बढ्दो असन्तुष्टिका बीच पूर्व लेबर सांसद जोश साइमन्सले आफ्नो स्थान खाली गरेपछि बर्नह्यामलाई संसद्मा फर्कने अवसर मिलेको थियो । यसले करिब ७७ हजार मतदाता रहेको उक्त निर्वाचन क्षेत्रलाई राष्ट्रिय राजनीतिको केन्द्रविन्दु बनाएको थियो ।

लगातार तीन पटक ग्रेटर म्यानचेस्टरको मेयर निर्वाचित भएका बर्नह्यामलाई 'उत्तरका राजा' उपनामले समेत चिनिन्छ । सर्वेक्षणहरूले उनी लेबर पार्टीका सबैभन्दा लोकप्रिय नेतामध्ये एक रहेको र प्रत्यक्ष प्रतिस्पर्धा भए स्टार्मरलाई चुनौती दिन सक्ने सम्भावना देखाएका छन् ।

बिहीबार भएको मतदानलाई बर्नह्यामले निगेल फराज नेतृत्वको रिफर्म युकेलाई रोक्न सक्छन् कि सक्दैनन् भन्ने परीक्षणका रूपमा पनि लिइएको थियो । मुख्यतः मजदुर वर्ग र श्वेत समुदायको बाहुल्य रहेको क्षेत्र रिफर्म युकेका लागि अनुकूल मानिए पनि उम्मेदवार केन्यनका पुराना विवादास्पद अभिव्यक्तिहरूले पार्टीलाई असर गरेको विश्लेषण गरिएको छ । साथै रिस्टोर ब्रिटेन पार्टीको उपस्थितिले दक्षिणपन्थी मत विभाजित भएको मानिएको छ ।

बर्नह्यामको जितसँगै लेबरभित्र नेतृत्व परिवर्तनको चर्चा झन् तीव्र बनेको छ । पार्टी नियमअनुसार नेतृत्वको दाबेदार सांसद हुनुपर्ने भएकाले संसद्मा उनको पुनरागमनलाई निर्णायक मानिएको छ । उनले सोमबार सांसदका रूपमा शपथ लिनुहुनेछ र त्यसपछि नेतृत्व प्रतिस्पर्धामा प्रवेश गर्ने सम्भावना बलियो देखिएको छ ।

नेतृत्व चुनौती औपचारिक रूपमा सुरु गर्न आवश्यक सांसदहरूको समर्थन जुटाउन बर्नह्यामलाई कठिन नहुने विश्लेषकहरूको भनाइ छ । लेबरका ४०० भन्दा बढी सांसदहरूमध्ये आवश्यक न्यूनतम ८१ जनाको समर्थन उनले सहजै प्राप्त गर्न सक्ने अनुमान गरिएको छ ।

यसैबीच, लेबरका दक्षिणपन्थी धारका पूर्व स्वास्थ्यमन्त्री वेस स्ट्रिटिङले प्रधानमन्त्री स्टार्मरलाई आफ्नो भविष्यबारे सोच्न केही समय दिनुपर्ने बताएका छन् । उनले नेतृत्व प्रतिस्पर्धामा सहभागी हुने सम्भावना खुला राखे पनि पार्टीभित्र विभाजन बढ्न नदिन सहमतिमै समाधान खोज्नुपर्ने सङ्केत दिएका छन् । यद्यपि मतदान विशेषज्ञ जोन कर्टिसले बर्नह्यामको विजयलाई अत्यधिक अर्थ नलगाउन चेतावनी दिएका छन् । उनका अनुसार यो नतिजाले लेबर पार्टीको राष्ट्रिय लोकप्रियतामा तत्काल नाटकीय सुधार ल्याउने निष्कर्ष निकाल्नु हतारो हुनेछ । तर उपनिर्वाचनको परिणामले पार्टीभित्र नेतृत्वको बहसलाई नयाँ गति दिएको र आगामी केही सातामा ब्रिटिश राजनीतिले महत्त्वपूर्ण मोड लिन सक्ने सङ्केत भने स्पष्ट रूपमा दिएको छ । रासस

# शनिबार भोटो देखाएसँगै रातो मच्छिन्द्रनाथको रथयात्रा सम्पन्न हुने



**ललितपुर ।**
करिब एक हजार ६०० वर्ष पुरानो तथा नेपालको सबैभन्दा लामो सांस्कृतिक–धार्मिक पर्वका रूपमा परिचित रातो मच्छिन्द्रनाथको रथयात्रा शनिबार राष्ट्र प्रमुखको उपस्थितिमा भोटो देखाएपछि औपचारिक रूपमा सम्पन्न हुनेछ ।

ललितपुर महानगरपालिका–४ का वडाध्यक्ष सन्तोष खड्काले जावलाखेलस्थित ललित मण्डपमा भोटो देखाउने तयारी गरिएको बताउँदै तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए । उनका अनुसार प्रत्येक वर्षझैँ यस वर्ष पनि भोटो सर्वसाधारण तथा विशिष्ट अतिथिहरूलाई प्रदर्शन गरिनेछ ।

वैशाख शुक्ल प्रतिपदादेखि सुरु भएको रथयात्रामा भगवान् रातो मच्छिन्द्रनाथको मूर्तिलाई ३२ हात अग्लो रथमा विराजमान गराई पुल्चोक, मङ्गलबजार, सुन्धारा, लगनखेल, कुमारीपाटी हुँदै जावलाखेलसम्म परिक्रमा गराइएको थियो । यसैक्रममा रथलाई जावलाखेल पुर्‍याएको चौथो दिनमा भोटो प्रदर्शन गर्ने प्रचलन रहेको वडाध्यक्ष खड्काले जानकारी दिए ।

संस्कृतिविद्हरूका अनुसार वर्षा र सहकालका देवताका रूपमा पूजिने रातो मच्छिन्द्रनाथको जात्रा नेपालको प्राचीन तथा विशिष्ट सांस्कृतिक सम्पदामध्ये एक हो । राजतन्त्रकालमा भोटो जात्रामा राजा उपस्थित हुने परम्परा रहेकामा गणतन्त्र स्थापनापछि राष्ट्रपतिले उक्त समारोहमा सहभागिता जनाउँदै आएका छन् ।

भोटो देखाउने जात्रा सम्पन्न भएपछि रातो मच्छिन्द्रनाथको मूर्तिलाई प्राचीन कलात्मक खटमा राखी बाजागाजासहित जावलाखेलबाट बुङ्गतीस्थित मच्छिन्द्रबहालमा लगेर विराजमान गराइने परम्परा रहेको वडाध्यक्ष खड्काले उल्लेख गरे । उनले यस वर्षको जात्रा शान्तिपूर्ण, व्यवस्थित र सफलतापूर्वक सम्पन्न भएको बताउँदै भोटो जात्रामा सहभागी हुन आउने भक्तजन तथा दर्शकलाई आवश्यक सुरक्षा र व्यवस्थापनमा सहयोग गर्न आग्रह गरे । साथै उनले जावलाखेल क्षेत्रमा फुटपाथमा व्यापार नगर्न सम्बन्धित सबैलाई आग्रह गरे ।

# शुक्लाफाँटामा कृष्णसारको संख्या तीन सयभन्दा बढी

**–राजेन्द्रप्रसाद पनेरु/रासस**
**कञ्चनपुर ।**
शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको हीरापुर संरक्षण क्षेत्रमा संरक्षित दुर्लभ वन्यजन्तु कृष्णसारको संख्या बढेर ३१३ पुगेको छ । संरक्षण कार्यक्रम सुरु भएको करिब डेढ दशकपछि कृष्णसारको संख्या उल्लेखनीय रूपमा वृद्धि भए पनि बढ्दो संख्यासँगै व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको हो ।

निकुञ्जको पछिल्लो तथ्याङ्कअनुसार कृष्णसारका वयस्क भाले ८१, अर्धवयस्क भाले २०, वयस्क पोथी १०२, अर्धवयस्क पोथी २६ र लिङ्ग पहिचान हुन बाँकी ८४ पाठापाठी रहेका निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेले जानकारी दिए । उनका अनुसार संरक्षण कार्यक्रमको सफलतासँगै कृष्णसारको संख्या निरन्तर बढिरहेको छ ।

'अहिले मुख्य चुनौती व्यवस्थापनको हो,' सूचना अधिकारी वाग्लेले भने, 'एउटै क्षेत्रमा धेरै संख्या हुँदा रोगको जोखिम बढ्ने भएकाले प्राकृतिक बासस्थानमा खुला रूपमा छाड्ने वा अन्य उपयुक्त क्षेत्रमा स्थानान्तरण गर्ने विकल्पबारे विभागले अध्ययन गरिरहेको छ ।'

वन तथा वातावरण मन्त्रालयको निर्णयअनुसार शुक्लाफाँटा र बर्दियाको खैरापुर संरक्षण क्षेत्रबाट भाले–पोथीको सन्तुलित अनुपात मिलाएर चितवनमा कृष्णसार पुनःस्थापना गर्ने तयारी भइरहेको छ । 'वंशानुगत (जेनेटिक) विविधता कायम राख्न पनि यो आवश्यक छ,' वाग्लेले भने, 'ब्रिडिङ व्यवस्थापन योजनाअनुसार एउटै घेराभित्र मात्र राखिरहनुभन्दा विभिन्न क्षेत्रमा फैलाएर संरक्षण गर्नु दीर्घकालीन रूपमा प्रभावकारी हुन्छ, नयाँपुस्तामा सुधार हुन्छ ।'

निकुञ्जको हीरापुर फाँटामा हाल ५८ दशमलव आठ हेक्टर क्षेत्रफलमा तारबार गरी कृष्णसार संरक्षण गरिएको छ । प्रारम्भमा सन् २०१२ मा सात दशमलव पाँच हेक्टर क्षेत्रबाट सुरु भएको संरक्षण क्षेत्र चरणबद्ध रूपमा विस्तार गरी हालको आकारमा पुर्‍याइएको हो ।

कृष्णसारलाई खुला घाँसे मैदान मन पर्ने भएकाले प्राकृतिक बासस्थानमा छाड्दा चितुवा, भुस्याहा कुकुर तथा चोरी सिकारीबाट जोगाउनु चुनौतीपूर्ण हुने देखिएको छ । यससँगै छाडा चौपायाबाट सर्ने सङ्क्रामक रोग पनि संरक्षणका मुख्य चुनौतीका रूपमा रहेको सूचना अधिकारी वाग्लेले बताए ।

चरन क्षेत्रको संरक्षण, घाँसे मैदान व्यवस्थापन तथा मकै, मसुरोलगायत बाली रोपेर आहार व्यवस्थापन गर्ने काम निकुञ्जले गर्दै आएको छ । नियमित बजेट अभावका कारण पछिल्लो समया भने स्रोत व्यवस्थापनमा कठिनाइ भइरहेको सूचना अधिकारी वाग्लेले बताए । शुक्लाफाँटामा कृष्णसार संरक्षणका लागि सन् २०१२ मा नेपालगञ्जको मिनी चिडियाखानाबाट दुई वयस्क भाले, चार अर्धवयस्क भाले, १२ वयस्क पोथी र चार अर्धवयस्क पोथी गरी २२ वटा कृष्णसार ल्याइएको थियो ।

सोही वर्ष ललितपुरस्थित सदर चिडियाखानाबाट तीन वयस्क भाले, दुई वयस्क पोथी र लिङ्ग नखुलेको एक गरी छ वटा कृष्णसार पुनःस्थापनाका लागि स्थानान्तरण गरिएको थियो । सन् २०१५ मा बर्दियाको खैरापुर संरक्षण क्षेत्रबाट तीन वयस्क भाले, एक अर्धवयस्क भाले र १० अर्धवयस्क पोथी गरी १४ वटा कृष्णसार स्थानान्तरण गरी ल्याइएको थियो ।

तीनवटै क्षेत्रबाट वयस्क भाले आठ, अर्धवयस्क भाले पाँच, वयस्क पोथी २४, अर्धवयस्क पोथी चार र लिङ्ग नखुलेको एक गरी कुल ४२ वटा कृष्णसार स्थानान्तरण गरिएको थियो । स्थानान्तरण गरी ल्याइएका ४२ वटा कृष्णसारको संख्या करिब डेढ दशकमै बढेर ३ सय १३ पुगेको छ जुन करिब सात गुणाबढीले वृद्धि भएको निकुञ्जको तथ्याङ्कले देखाएको छ ।

कृष्णसारको स्वास्थ्य संरक्षणका लागि नियमित रूपमा दाना, चोकर, ढुटो, मकै र चना खुवाइने गरिएको छ । जुका, किर्नालगायत परजीवीको सङ्क्रमण रोक्न समयसमयमा औषधि मिश्रित आहारसमेत उपलब्ध गराइने सूचना अधिकारी वाग्लेले जानकारी दिए ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार कृष्णसार नेपालका संरक्षित वन्यजन्तुमध्ये एक हो । कुनै समय नेपाल, भारत र बङ्गलादेशका खुला घाँसे मैदानमा प्रशस्त पाइने यो प्रजाति बासस्थानको विनाश, चोरी सिकार र प्राकृतिक विपद्का कारण लोपोन्मुख अवस्थामा पुगेको थियो ।

हीरापुर संरक्षण क्षेत्र अहिले आन्तरिक पर्यटकको आकर्षणको केन्द्रसमेत बन्दै गएको छ । कृष्णसार अवलोकनका लागि दैनिक रूपमा आन्तरिक पर्यटक पुग्ने गरेका छन् । दुर्लभ र आकर्षक वन्यजन्तु कृष्णसारको मुख्य आहारा घाँस, दुबो, सिरु, काँसलगायत हुन् । हिन्दू धर्ममा यसलाई 'भगवान् श्रीकृष्णको साथी'का रूपमा पनि लिइन्छ ।

कृष्णसार संरक्षण क्षेत्रलाई अझै व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्ने सुनदेवी उपभोक्ता समितिका अध्यक्ष भरतबहादुर विष्टले बताए । उनका अनुसार कृष्णसार संरक्षण क्षेत्र नजिकैको सिमलफाँटा बस्तीमा घरबास (होमस्टे) कार्यक्रम सुरु गरिएको छ ।

'घरबासको स्तरोन्नति गरी पर्यटकलाई कृष्णसार संरक्षण क्षेत्रमा घुमाउने व्यवस्थाका लागि पहल हुन आवश्यक छ,' उनले भने, 'यसले स्थानीय बासिन्दाको आयआर्जनमा टेवा पुग्नुका साथै निकुञ्जको आन्तरिक आयसमेत वृद्धि हुन्छ ।' पर्यटकीय पूर्वाधारमा जोड दिनुपर्ने उनको भनाइ छ ।

निकुञ्जका सहायक मुख्य संरक्षण अधिकृत विनयकुमार झाले कृष्णसार संरक्षणसँगै पर्या–पर्यटन प्रवद्र्धनलाई पनि प्राथमिकतामा राखिएको बताउँदै स्थानीय समुदायको सहभागिता र संरक्षणबीच सन्तुलन कायम गर्दै संरक्षण क्षेत्रलाई थप व्यवस्थित गरिँदै लगिएको जानकारी दिए ।

# रैथाने स्वादमा आधुनिकता र तापक्रमको असर

**नवीन लामिछाने/रासस**
पहिले जैविक खेतीपाती मात्रै हुने ठाउँ हो मनाङ । पहिले स्थानीय प्रजातिको स्याउ, फापरखेती हुन्थ्यो र गरिन्थ्यो । मनाङको नासों गाउँपालिका–६ तिल्चेका पुराना किसान कमल घले भन्छन्, 'मनाङको मौसम फेरिएको छ । स्थानीय जातको स्याउ पाउनै मुस्किल भएको छ ।' स्थानीय स्याउ बिक्री तथा विभिन्न परिकार बनाउने गरिएको भए पनि अहिले उत्पादन घट्दा विकासे (हाइब्रिड) स्याउ लगाएको प्रशस्त देखिने उनी बताउँछन् ।

स्थानीय प्रजातिको जस्तो स्वाद अहिलेका स्याउमा नपाइने उन बताउँछन् । 'स्थानीय जातकै स्याउका दानाको आकार घटेको छ । त्यति मात्रै हो र ! फापरको मिठास, करु, गहुँ, कोलु बोडीको दाना समेत घटेका छन्,' घले भन्छन्, 'हिउँ समयमा पर्दैन, पानीको काम नै पहिले त हिउँले गर्ने हो, कहिले अर्कै समयमा परेको हुन्छ त । कहिले हिउँ नै पर्दैन । केको हुनु खेतीपाती ।'

मनाङको यो व्यथा केवल एउटा गाउँको मात्र होइन, सिङ्गो हिमाली क्षेत्रको साझा समस्या बनेको छ । हिजोका दिनमा यहाँका किसानहरू प्रकृतिको लयसँगै बाँचेका थिए । हिउँ र वर्षाको निश्चित चक्र थियो, जसले माटोलाई भित्रैदेखि भिजाउँथ्यो र पोषणयुक्त बनाउँथ्यो । तर अहिले प्रकृतिको त्यो लय बिग्रिएको छ ।

पहिले प्राङ्गारिक मलबाहेक अरु कुनै पनि बजारिया मल हाल्ने चलन थिएन । तर, फल राम्रो हुन्थ्यो । अहिले धेरै फल्ने भए पनि स्वाद र पोषिलो नहुने घलेको अनुभव छ । खेतीपातीमा किरा नै देखिँदैनथ्यो, अहिले किरा प्रशस्त भेटिएको उन बताउँछन् । खेतीपाती जोगाउनकै लागि विषादी प्रयोग गर्ने किसान बढ्न थालेको उनको भनाइ छ ।

हिमाली क्षेत्रमा विषादीको प्रवेश हुनु आफैँमा एउटा गम्भीर समस्या हो । चिसो हावापानीमा किराको प्रकोप कम हुने विश्वास हिजोका दिनमा थियो तर तापक्रम बढेसँगै नयाँ–नयाँ रोग र किराहरूले मनाङका पाखाहरूमा डेरा जमाउन थालेका छन् । 'अहिले गोलभेडा, काउली, बन्दा, फर्सी, प्याज, लसुन, साग, मूला, गाजरलगायतका तरकारीखेती हुन थालेका छन् । उत्पादन बढ्दै जाँदा यहाँको बजार पनि फराकिलो भएको छ तर माटोको उत्पादन गर्ने क्षमता भने खस्कँदो अवस्थामा छ,' नासों गाउँपालिका–८ ताचैका किसान सोलबहादुर गुरुङले भने । विषादी प्रयोग बढ्दै जाँदा मानवीय स्वास्थ्यमा प्रभाव पार्ने देखिएको गुरुङको भनाइ छ । मनाङमा हुने यस्तो परिवर्तनले स्थानीय बासिन्दाको आहारविहारमा समेत असर पारिरहेको छ ।



**कृषि भूगोल र रैथाने बालीको विरासत**
समुद्री सतहबाट एक हजार ८८० मिटरदेखि आठ हजार १६३ मिटरसम्म उचाइ समेटेको मनाङ रैथाने खेतीबालीमा आत्मनिर्भर छ । दुई हजार २४६ वर्गकिलोमिटर भूभाग समेटिएको यस जिल्लाको दुई लाख २४ हजार ६०० हेक्टरमध्ये दुई हजार १५६ भूभाग खेतीयोग्य छ । खेतीयोग्य भूमिको दुई हजार १७ हेक्टर क्षेत्रफलमा मात्रै खेती गरिँदै आएको कृषि विकास कार्यालयले जनाएको छ । त्यसमध्ये एक हजार ६३ हेक्टर जमिन सिञ्चित क्षेत्र हो भने अन्य क्षेत्र प्राकृतिक रुपमा खेती सिँचाइ हुन्छ । यहाँ रैथाने बालीका रुपमा आलु, गहुँ, फापर, करु, उवा र कोलु बोडीलाई लिइन्छ । हाल कतिपय स्थानमा रैथाने बाली लोप हुने अवस्थामा पुगेका छन् भने कतिपय स्थानमा नगन्य मात्रामा मात्र खेती गर्ने गरेको पाइएको कृषि विकास कार्यालयले जनाएको छ । कार्यालयका अनुसार जिल्लाकै उच्च स्थानको रुपमा रहेको नार्पाभूमि गाउँपालिकामा रैथाने बाली प्रायः लोप हुने अवस्थामा पुगेको छ । उच्च हिमाली भेगमा हुने यस्ता बालीहरूले त्यहाँको विशिष्ट पहिचान बोकेका हुन्छन् तर ती लोप हुनु भनेको मनाङको मौलिकताको एक पाटो हराउनु हो ।

**स्वाद र गुणस्तरमा क्रमिक परिवर्तन**
मनाङमा उत्पादन हुने रैथाने बालीको स्वादमा परिवर्तन आएको किसानको अनुभव छ । नासोंका किसान सोलबहादुर गुरुङ भन्छन्, 'गर्मी बढेसँगै खेतीबालीको स्वाद र गुणस्तर नै फेरिने रहेछ । हामीले लगाएका स्याउ, आलु, फापरलगायतका कृषिउपजको स्वाद र गुणस्तर नै फेरिए जस्तो लाग्छ । पहिलेको जस्तो स्वाद पाइँदैन ।'

स्थानीय जातका स्याउको पनि स्वाद फेरिएको उनको भनाइ छ । मौसममा आधारित खेतीपाती हुने मनाङमा समयमा हिउँ पर्दैन । तल्लो मनाङमा लामो समयदेखि हिउँ नपरेको गुरुङ बताउँछन् । आजकाल हिउँको सट्टा पानी पर्छ । हिउँले माटोलाई चिस्यान मात्र दिँदैन, यसले माटोभित्रका हानिकारक तत्वहरूलाई निष्क्रिय बनाउन पनि मद्दत गर्छ भन्ने स्थानीयको बुझाइ छ ।

यहाँका अधिकांश किसानले अहिले आलु, स्याउलगायत अन्य कृषिउपजको स्वाद पहिलेजस्तो नभएको बताउने गरेका कृषि विकास कार्यालयका प्रमुख शङ्कर पौडेलले बताए । उनका अनुसार तापक्रम, वर्षा र माटोको अवस्थाले बालीको रासायनिक संरचनामा असर पार्न सक्छ । 'यसले स्वाद, पोषण र गुणस्तरमा परिवर्तन ल्याउन सक्छ । यहाँको खेती प्रणालीका विषयमा विस्तृत अध्ययन आवश्यक देखिएको छ,' उनले भने ।

**नयाँ बालीको प्रवेश : अवसरसँगै चुनौती**
मनाङका अधिकांश गाउँमा अहिले रैथाने बालीको उत्पादन घट्दै गएको छ । विशेषगरी नार्पाभूमि र मनाङ ङिस्याङका उच्च हिमाली क्षेत्रमा फापर, जौ र उवा खेती उल्लेखनीय रुपमा घटेको छ । यहाँ विगतदेखि नै अन्य खेतीको तुलनामा आलुको बढी उत्पादन, माग तथा खपत भएकाले व्यावसायिक खेतीअर्थात् नगदे बालीका रुपमा विकास भएको पाइन्छ ।

जलवायु परिवर्तनलाई विशेषगरी नकारात्मक रुपमा मात्रै लिने गरिन्छ तर यसको परिवर्तनसँगै समयअनुसारका उत्पादनलाई पनि केही अवसर दिएको छ । जलवायु परिवर्तनको प्रभाव बढी हुँदा पहिले खेती नहुने क्षेत्रमा नयाँ बाली प्रवेश गर्ने अवसर बनेको छ । तापक्रम वृद्धिले पहिले सम्भव नभएका खेतीबाली उत्पादन हुनुका साथै व्यावसायिक खेती प्रणालीको विकास हुने देखिएको कृषि विकास कार्यालयका प्रमुख पौडेल बताउँछन् । उनका अनुसार जलवायुमैत्री प्रविधिको उपयोग गर्दै बन्दागोभी, काउली, गोलभेडा, प्याज, लसुन, रायो, गाजर, मुला, किवीजस्ता फलफूल तथा तरकारी खेतीको विकास भइरहेको छ । जिल्लाका उच्च भेगहरूमा अचेल तरकारीका लटरम्म टनेलहरू देखिन थालेका छन् । किसानले प्लास्टिक टनेल प्रयोग गरेर वर्षौंभरि तरकारी उत्पादन गर्न थालेपछि स्थानीय खाद्य आपूर्ति सुधार गर्नुका साथै आयात प्रतिस्थापनमा समेत योगदान पुगेको कार्यालयले जनाएको छ ।

कृषि विकास कार्यालयका अनुसार फापर र जौजस्ता परम्परागत खाद्य बालीको खेती निरन्तर घट्दो क्रममा रहेको छ । उवा तथा कागुनोको अभिलेखीकरण पछिल्ला वर्षमा सुरु भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । त्यस्तै आलु अझै पनि मनाङको प्रमुख नगदे बालीको रुपमा रहेको छ । ङिस्याङ गाउँपालिकाका सबै वडामा रैथाने बाली लोप हुने अवस्थामा पुगेको कार्यालयका प्रमुख पौडेलले जानकारी दिए । 'उत्पादन घट्दै जाँदा किसानले बाली फेर्न थालेका छन्, यसलाई सुहाउँदो वातावरण अभावले पनि खेतीबाली फेर्न थालेका छन्,' उनले भने, 'मौसम अनुकूल खेतीलाई प्राथमिकता दिन थालेको पाइएको छ ।' परीक्षणपछि केही स्थानमा जलवायु परिवर्तन भए अनुसारका खेतीबाली परीक्षणकालीन खेती गरिरहेको उनको भनाइ छ ।

**आधुनिक प्रविधि र प्रजातिको विकासमा होडबाजी**
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र काठमाडौँका अनुसार कम जग्गामा बढी उत्पादन र उन्नत जातको खेती गर्ने उद्देश्यले गर्दा स्थानीय जातहरू लोप हुने अवस्थामा पुगेका छन् । हाल किसानहरूले बढी उत्पादन लिन उन्नत जातका बीउहरू प्रयोग गर्दा रैथाने जातहरू विस्थापित भएका हुन् । संरक्षण केन्द्रका अनुसार फापर, कोलु बोडी, जौ, कागुनो, च्युनो, उवा, लट्टे, जुनेलो, मस्याङ, गहत, खेसरी, भोगे सिमी, सिलाम, झुसेतिल आदिलाई स्थानीय तथा रैथाने बालीमा सूचीकृत गरिएको छ ।

हिमालपारिको जिल्ला मनाङ खेतीपाती र कृषिका लागि अब 'दुर्गम' रहेन । कृषि पकेट क्षेत्र तोकिएका अन्य भेगझैँ व्यावसायिक रूपमा धेरै थरी कृषिउपज उत्पादन हुन थालेपछि जिल्ला बाहिर पनि निर्यात हुन थालेको छ । ङिस्याङ गाउँपालिकामा बन्दा, काउली, गाजर, मुला, गोलभेडा, रायोजस्ता बेमौसमी तरकारीखेती सफल भएपछि आन्तरिक खपतसँगै आयात प्रतिस्थापन सम्भव भएको कार्यालयले जनाएको छ ।

यहाँका चार वटै पालिकामा एक दशकयता टनेल खेतीको अभ्यास हुँदै आएको छ । धेरैजसो किसान परम्परागत खेतीपाती छाड्दै व्यावसायिक स्याउखेतीतर्फ आकर्षित हुन थालेका छन् । रैथाने बाली हराउँदै जाने र गुणस्तर खस्किने चिन्ता बढ्न थालेसँगै कृषि विकास कार्यालयले अनुदानसहितका सचेतना कार्यक्रम प्राथमिकतामा राखेको छ । जलवायु परिवर्तनको प्रभावले बालीनालीको उत्पादन र गुणस्तरमा प्रभाव पारिरहेको बताउँदै कार्यालय प्रमुख पौडेलले भने, 'रैथाने बालीको बीउ जोगाउन, परम्परागत खेतीलाई प्रोत्साहन गर्न हामी स्थानीय तहसँगको सहकार्यमा जुटेका छौँ ।' हिमाली कृषि संरक्षणका लागि जलवायु वित्तको उपयोग बढाउन आवश्यक भएको विज्ञको भनाइ छ । जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम न्यूनीकरण तथा अनुकूलन कार्यक्रमका निम्ति अन्तरराष्ट्रियस्तरबाट उपलब्ध हुने जलवायु वित्तलाई कृषि क्षेत्रमा लगानी बढाउनुपर्ने उनहरूको सुझाव छ । विशेषगरी रैथाने बीउ पुँजी स्थापना, सामुदायिक बीउ संरक्षण, जलवायुमैत्री बाली विकास तथा अनुसन्धानमा सरकारले जलवायु वित्त कोषको लगानी बढाउन आवश्यक छ ।

जलवायुमैत्री खेतीलाई प्रोत्साहन गर्न सकिएमा मात्रै रैथाने खेतीको बीउ संरक्षण र प्रवद्र्धन गर्न सकिनेछ । यसको न्यूनीकरण गर्न जलवायु वित्त वा जलवायु अनुकूलन कोषमा आएको बजेटको उपयोग कृषि क्षेत्रमा लगानी बढाउन सरकारले ताकेता गर्नुपर्ने देखिन्छ । यसले कृषि र हिमशृंअला संरक्षणका निम्ति भरपुर उपयोगलाई तीनै तहको सरकारले प्राथमिकतामा राख्नुपर्ने देखिएको छ ।

मनाङको माटोको सुगन्ध र त्यहाँका रैथाने बालीको मिठास जोगाउनु केवल एक किसानको चिन्ता मात्र होइन, यो त हाम्रो राष्ट्रिय खाद्य सुरक्षा र जैविक विविधतासँग जोडिएको विषय हो । मौसमको दबाबका बीच मनाङको खेतीपातीलाई जोगाइराख्नु अहिलेको सबैभन्दा ठूलो चुनौती बनेको छ ।

# फूलखेतीमा पसिना धेरै, आम्दानी कम



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको जनकपुरधाम उपमहानगरपालिका–२०, रुपैठाका ७८ वर्षीय पुनित भण्डारी ६ पिँढीदेखि चल्दै आएको पुर्ख्यौली पेसा फूलखेतीलाई निरन्तरता दिइरहेका छन्।
उमेरले वृद्ध भए पनि उनको मेहनत र लगाव उस्तै छ। बिहानैदेखि बेलुकासम्म खेतमै व्यस्त रहने पुनितका लागि फूलखेती आम्दानीको माध्यम मात्र नभई पुर्खाको धरोहर पनि हो। उनका पाँच छोरामध्ये चार जना अन्य पेसा र व्यवसायमा छन् भने कान्छा छोरा लक्ष्मी भण्डारीले बुबाको बाटो पछ्याउँदै फूलखेतीलाई निरन्तरता दिइरहेका छन्।
लक्ष्मी भण्डारीका अनुसार विदेशमा केही समय काम गरे पनि मन नलागेपछि उनी गाउँ फर्केर पुर्ख्यौली पेसामै संलग्न भएका हुन्। उनका अनुसार फूलखेती माली समुदायको पहिचानसँग जोडिएको पेसा हो, जसलाई मिथिलाञ्चलमा धार्मिक रूपमा समेत उच्च महत्व दिइन्छ।
लक्ष्मीले डेढ बिघा जग्गा भाडामा लिएर फूलखेती गरिरहेका छन्। उनी बिहान र साँझ गरी दैनिक करिब ९ घण्टा खेतमै काम गर्छन्। खेतीमा मल, सिँचाइ, झार उखेल्ने, फूल मिलाउने र बिरुवाको नियमित हेरचाह आवश्यक पर्ने उनी बताउँछन्।
उनका अनुसार फूलखेती धान वा तरकारी खेतीभन्दा धेरै मेहनत र लागत लाग्ने पेसा हो। एक सिजनमा करिब साढे दुई लाख रुपैयाँ खर्च हुने भए पनि नाफा एकदेखि दुई लाख रुपैयाँभित्र मात्र सीमित हुने उनले बताए।
लक्ष्मीले व्यापारीलाई एउटा माला २० देखि २५ रुपैयाँमा बेच्नुपरे पनि बजारमा त्यही माला ५० देखि ८० रुपैयाँसम्म बिक्री हुने भएकाले किसानले उचित मूल्य नपाएको गुनासो गरे। जनकपुरधाम क्षेत्रमा दैनिक करिब १२ हजार माला खपत हुने अनुमान छ, तर स्थानीय किसानले बजारमा प्रत्यक्ष पहुँच नपाएको उनीहरूको भनाइ छ।
कृषकहरूका अनुसार भारतबाट आउने सस्तो फूल र मालाका कारण स्थानीय उत्पादनले प्रतिस्पर्धा गर्न नसकेको छ। खुला सीमाका कारण अनौपचारिक रूपमा भित्रिने फूलले स्थानीय बजार प्रभावित भएको उनीहरू बताउँछन्।
रुपैठा क्षेत्रमा मात्र माली समुदायले करिब २५ देखि ३० बिघा क्षेत्रमा फूलखेती गर्दै आएका छन्। तर मल अभाव, सिँचाइ समस्या, मजदुरको कमी र सुरक्षाको चुनौतीले उत्पादनमा कठिनाइ भइरहेको किसानहरूको भनाइ छ।
पुनित भण्डारीका अनुसार सरकारले फूलखेतीलाई प्राथमिकतामा नराखेको र अनुदान, तालिम तथा बजारीकरणको अभाव रहेको छ। उचित नीति र सहयोग भएमा यो पेसाबाट राम्रो आम्दानी गर्न सकिने उनको विश्वास छ। स्थानीय किसानहरूका अनुसार फूलखेती केवल जीविकोपार्जनको माध्यम मात्र नभई मिथिलाञ्चलको सांस्कृतिक पहिचानसँग जोडिएको पेसा हो। तर बजार व्यवस्थापन, सरकारी बेवास्ता र विदेशी उत्पादनसँगको असन्तुलित प्रतिस्पर्धाका कारण यो पुर्ख्यौली पेसा संकटमा परेको उनीहरूको भनाइ छ।पुनित भण्डारीको एउटै चाहना छ— आउने पुस्ताले पनि यो पेसालाई निरन्तरता दिऊन्, तर त्यसका लागि राज्यको संरक्षण, बजार सुनिश्चितता र उचित नीति अपरिहार्य देखिन्छ।

# अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा विशेष योग शिविर



**मधेशदृष्टि**
**जनकपुरधाम।**
अन्तर्राष्ट्रिय योग दिवस–२०२६ को अवसरमा जनकपुरधाममा विशेष योग शिविर आयोजना गरिएको छ।
भारतको महावाणिज्य दूतावास, वीरगञ्ज, जानकी मन्दिर तथा जनकपुरधाम उपमहानगरपालिकाको संयुक्त आयोजनामा शुक्रबार बिहान जनकपुरधामस्थित जानकी मन्दिर प्राङ्गणमा योग शिविर सम्पन्न भएको हो।
अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा आयोजित शिविरको उद्देश्य योगाभ्यासमार्फत स्वस्थ जीवनशैलीको प्रवद्र्धन, शारीरिक तथा मानसिक स्वास्थ्यमा सुधार र योगप्रति जनचेतना अभिवृद्धि गर्नु रहेको आयोजकले जनाएको छ।
कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले योगलाई दैनिक जीवनको अभिन्न हिस्साका रूपमा अपनाउन आग्रह गरे। योगले शारीरिक तथा मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्नुका साथै पारिवारिक तथा सामाजिक सम्बन्धमा समेत सुधार ल्याउने भएकाले यसको महत्व बढ्दै गएको उनले बताए।
वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्य दूत देवी सहाय मीनाले नेपाल र भारतबीच धार्मिक तथा सांस्कृतिक सम्बन्ध ऐतिहासिक रूपमा प्रगाढ रहेको उल्लेख गर्दै योग दुवै देशको साझा सांस्कृतिक विरासतको प्रतीक भएको बताए। उनले योग नेपाल र भारतबाट विश्वलाई प्रदान गरिएको अनुपम उपहार भएको धारणा व्यक्त गरे।
कार्यक्रममा सहभागीहरूलाई योगलाई दैनिक जीवनको अभिन्न अंग बनाउन तथा परिवार र साथीभाइलाई पनि योगप्रति जागरुक बनाउन आग्रह गरिएको थियो।
जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साह, योग प्रशिक्षक, विभिन्न क्षेत्रका व्यक्तित्व तथा स्थानीयवासीहरूको सहभागिता रहेको थियो।संयुक्त राष्ट्रसंघले सन् २०१५ देखि जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवसका रूपमा मनाउन थालेपछि विश्वभर विविध कार्यक्रम आयोजना हुँदै आएका छन्।

# युपीआर कार्यान्वयनमा मधेशका सामाजिक चुनौतीबारे छलफल



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपालले आगामी विश्वव्यापी आवधिक समीक्षा (युपीआर) प्रक्रियाअन्तर्गत गरेका प्रतिबद्धताहरूको कार्यान्वयनबारे जनकपुरधाममा छलफल सम्पन्न भएको छ।
मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालय र संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए)को आयोजनामा शुक्रबार जनकपुरधाममा भएको छलफल कार्यक्रममा मधेशमा विद्यमान लैंगिक हिंसा, दाइजो प्रथा, बालविवाह, घरेलु हिंसा तथा महिलामाथि हुने विभिन्न प्रकारका विभेदका विषयमा गम्भीर छलफल गरिएको थियो। साथै, यस्ता समस्याको समाधानका उपाय र युपीआर अन्तर्गत नेपालले प्राप्त गरेका सुझावहरूको कार्यान्वयन अवस्था तथा प्रदेश र स्थानीय सरकारको भूमिकाबारे अन्तरक्रिया गरिएको थियो।
कार्यक्रममा खेलकुद तथा समाज कल्याण मन्त्रालयको समाज कल्याण महाशाखाकी निर्मला मिश्रले मधेशमा बालबालिका तथा महिलामाथि हुने लैंगिक हिंसाको अवस्था र त्यसको नियन्त्रणका लागि अवलम्बन गर्न सकिने उपायबारे समीक्षा गरिएको बताइन्। उनले शिक्षा र चेतनाको अभावका कारण महिलाहरू अझै पनि लैंगिक हिंसाको चपेटामा पर्ने गरेको उल्लेख गरिन्। महिलाहरूमा शिक्षाको कमी तथा बेरोजगारीको समस्याले समेत हिंसा बढाउन भूमिका खेलेको उनको भनाइ थियो।
यूएनएफपीएका यौन तथा प्रजनन स्वास्थ्य विज्ञ समीर घिमिरेले युपीआर प्रक्रिया वर्तमान अवस्थाको मूल्यांकन मात्र नभई सुधारका लागि अवसर प्रदान गर्ने महत्वपूर्ण अन्तर्राष्ट्रिय संयन्त्र भएको बताए। उनले प्रदेश तथा स्थानीय तहलाई लैंगिक हिंसा नियन्त्रण र मानव अधिकार संरक्षणका विषयमा थप जिम्मेवार बनाउन कार्यक्रम आयोजना गरिएको जानकारी दिए।
घिमिरेका अनुसार विश्वव्यापी आवधिक समीक्षा अन्तर्गत नेपालले २८४ भन्दा बढी सुझाव प्राप्त गरेको छ। ती सुझावमध्ये लैंगिक हिंसा न्यूनीकरण, यौन तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता, दाइजो प्रथाको अन्त्य, बालविवाह नियन्त्रण तथा दण्डहीनता अन्त्यका विषय प्रमुख रूपमा समेटिएका छन्।
कार्यक्रमका सहभागीहरूले मधेशमा विद्यमान दाइजो प्रथा, लैंगिक हिंसा र बालविवाहजस्ता सामाजिक कुरीतिहरू अन्त्य नगरेसम्म मानव अधिकारको पूर्ण प्रत्याभूति सम्भव नहुने निष्कर्ष निकाले। उनीहरूले यस्ता समस्याको समाधानका लागि सरोकारवाला निकायहरूले प्रभावकारी नीति तथा कार्यक्रम लागू गर्नुपर्ने आवश्यकता औंल्याएका थिए।

# जनकपुरधाममा मानव अधिकार संस्कृतिबारे नागरिक समाज र युवाको भूमिकामाथि छलफल



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मानव अधिकार संस्कृतिको विकासमा नागरिक समाज र युवाहरूको भूमिकाबारे जनकपुरधाममा एक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ।
मानव अधिकारका लागि महिला एकल महिला समूह धनुषाको आयोजनामा भएको कार्यक्रममा 'मानव अधिकार संस्कृतिको विकासमा नागरिक समाज र युवाहरूको भूमिका' विषयक विषयमा विस्तृत छलफल गरिएको हो।
कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले परोपकारी भावनाबिना मानव अधिकार रक्षाको विषय अधुरो रहने बताए। उनले आफ्नै धर्म र संस्कृतिभित्र रहेर एकअर्काको मानव अधिकार संरक्षण गर्ने उपाय खोज्नुपर्ने आवश्यकता औंल्याए। उनले युवाहरूमा परोपकारी भावना विकास गर्न सके मात्र मानव अधिकार संरक्षणसँगै सभ्य समाज निर्माण सम्भव हुने धारणा व्यक्त गरे।
धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले नैतिक शिक्षाको विकास घरपरिवारबाटै सुरु हुनुपर्नेमा जोड दिए। उनले मानव अधिकारको रक्षा अधिकारसँगै कर्तव्यको पालनासँग जोडिएको स्पष्ट पारे। संविधानले अधिकार मात्र होइन, कर्तव्यको पनि परिकल्पना गरेको उल्लेख गर्दै उनले नागरिकहरूले आफ्नो जिम्मेवारीप्रति सचेत हुनुपर्ने बताए।
कार्यक्रममा नागरिक समाजका प्रतिनिधि, युवा, अधिकारकर्मी तथा विभिन्न क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहेको थियो।

# नगर प्रहरीका लागि विपद् व्यवस्थापनसम्बन्धी विस्तारित तालिम सुरु



मधेशदृष्टि
जनकपुरधाम।
सशस्त्र प्रहरी बल, नेपाल नं. ८ गण धनुषाले जनकपुरधाम उपमहानगरपालिकासँगको समन्वयमा नगर प्रहरीहरूका लागि 'विपद् स्वयंसेवक परिचालन विस्तारित तालिम' सञ्चालन गरेको छ।
शुक्रबार आयोजित एक कार्यक्रमबीच तालिमको उद्घाटन गरिएको हो। विपद्का समयमा उद्धार, राहत तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन नगर प्रहरीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको सशस्त्र प्रहरी बलले जनाएको छ।
शुक्रबारदेखि सुरु भएको तालिम असार ३० गतेसम्म सञ्चालन हुनेछ। तालिम अवधिभर सहभागी नगर प्रहरीहरूलाई विपद् जोखिम न्यूनीकरण, खोज तथा उद्धार, प्राथमिक उपचार, आपतकालीन अवस्थामा जनशक्ति परिचालन, समन्वय तथा विपद् व्यवस्थापनसम्बन्धी विभिन्न विषयमा प्रशिक्षण प्रदान गरिनेछ।
कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले स्थानीय तहसँग जनशक्ति भए पनि आवश्यक दक्षताको अभाव रहेको उल्लेख गर्दै तालिमले नगर प्रहरीहरूको क्षमता विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे।
सशस्त्र प्रहरी बल, नेपाल नं. ८ गण धनुषाका प्रहरी उपरीक्षक भीमबहादुर विष्टले सशस्त्र प्रहरी बल र स्थानीय तहबीचको सहकार्यमा सञ्चालन गरिएको यस तालिमले बाढी, डुबान, आगलागी, हावाहुरी लगायत प्राकृतिक तथा मानव सिर्जित विपद्का घटनामा छिटो, प्रभावकारी र समन्वित प्रतिक्रिया दिन नगर प्रहरीहरूलाई सक्षम बनाउने बताए।
विपद् व्यवस्थापनमा स्थानीय तहको भूमिका थप प्रभावकारी बनाउन तथा समुदायस्तरमा उद्धार तथा राहत कार्यलाई सुदृढ गर्ने लक्ष्यसहित तालिम सञ्चालन गरिएको आयोजकले जनाएको छ।

# बालविवाह न्यूनीकरणका लागि ५१ हजार प्रोत्साहन कार्यक्रम

**मधेशदृष्टि**
**महोत्तरी।**
बर्दिबास नगरपालिकाले बालविवाह न्यूनीकरण तथा कानुनी उमेरमा विवाह गर्न प्रोत्साहन गर्ने उद्देश्यले नयाँ कार्यक्रम घोषणा गरेको छ।
नगरपालिकाले २० वर्ष उमेर पूरा गरेर विवाह गर्ने नगर क्षेत्रका छोरीहरूलाई ५१ हजार रुपैयाँ नगद प्रोत्साहन प्रदान गर्ने व्यवस्था गरेको छ। यो कार्यक्रम नगरपालिकाको १८औँ नगरसभामा आर्थिक वर्ष २०८३÷८४ का लागि प्रस्तुत नीति तथा कार्यक्रम तथा बजेटमार्फत सार्वजनिक गरिएको हो।
नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीका अनुसार आगामी आर्थिक वर्षदेखि लागू हुने यो कार्यक्रमले बालविवाह निरुत्साहित गर्न तथा कानुनी उमेरपछि मात्र विवाह गर्नुपर्छ भन्ने सामाजिक सन्देश प्रवाह गर्न सहयोग पुग्ने



विश्वास गरिएको छ। उनले यस व्यवस्थाले किशोरी तथा अभिभावक दुवैमा विवाहसम्बन्धी कानुनी सचेतना बढाउने अपेक्षा गरिएको बताए।
यसअघि नगरपालिकाले मुसहर समुदायलाई लक्षित गर्दै २०८० चैतमा उमेर पुगेपछि विवाह गर्ने जोडीलाई ५० हजार रुपैयाँ प्रोत्साहन दिने कार्यक्रम सुरु गरेको थियो। तर हालसम्म उक्त सुविधाबाट एक जोडी मात्र लाभान्वित भएको नगरपालिकाको अभिलेखमा उल्लेख छ।
स्थानीय सामाजिक तथा राजनीतिक कार्यकर्ता देवनारायण महतोका अनुसार मुसहर समुदायमा बालविवाह अझै चुनौतीका रूपमा रहेकाले प्रोत्साहन कार्यक्रमको प्रभावकारिता बढाउन थप जनचेतनामूलक अभियान आवश्यक छ।
नगरपालिकाका १४ वडामध्ये १३ वडा बालविवाहमुक्त घोषणा भइसकेका छन् भने वडा नं. १२ मात्र घोषणा हुन बाँकी छ। नगरपालिकाले ल्याएको नयाँ प्रोत्साहन योजनाले बाँकी क्षेत्रमा पनि बालविवाह अन्त्य गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।
नगरपालिकाले स्पष्ट पारेअनुसार आम समुदायका छोरीहरूका लागि ५१ हजार रुपैयाँ प्रोत्साहनको व्यवस्था गरिए पनि मुसहर समुदायका महिला र पुरुष दुवैलाई प्रोत्साहन दिने पुरानो व्यवस्था यथावत् रहनेछ।
महिला अधिकारकर्मी तथा सामाजिक अगुवाहरूले नगरपालिकाको यस निर्णयलाई बालविवाह नियन्त्रण, महिला सशक्तीकरण तथा सामाजिक रूपान्तरणतर्फको सकारात्मक कदमका रूपमा स्वागत गरेका छन्।

# सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतविरुद्ध मुद्दा दायर

**मधेशदृष्टि**
**महोत्तरी।**
सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवविरुद्ध घुस लिएको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरिएको छ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सडक ढलान योजनाको भुक्तानी प्रक्रिया अघि बढाइदिने भन्दै सेवाग्राहीसँग ७२ हजार रुपैयाँ घुस लिएको आरोपमा यादवविरुद्ध शुक्रबार विशेष अदालतमा आरोपपत्र दायर गरेको जनाएको छ।
आयोगका अनुसार योजनाको भुक्तानीसम्बन्धी काम सम्पन्न गराइदिने नाममा सेवाग्राहीसँग रकम मागिएको सूचनाका आधारमा अख्तियारको बर्दिवासस्थित टोलीले यादवलाई ७२ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो।घटनापछि आयोगले विस्तृत अनुसन्धान अघि बढाएको थियो। अनुसन्धानका क्रममा घुस लेनदेन भएको पुष्टि भएपछि भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम बिगो बराबर ७२ हजार रुपैयाँ कायम गरी सोही बराबर जरिवाना तथा कैद सजायको मागदाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ।
स्थानीय तहमा विकास निर्माण योजनाको कार्यान्वयन तथा भुक्तानी प्रक्रियामा हुने अनियमिततामाथि निगरानी बढाइरहेको अख्तियारले पछिल्लो समय घुस तथा भ्रष्टाचारसम्बन्धी उजुरीका आधारमा कारबाहीलाई तीव्रता दिँदै आएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन